नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ · अंक ७१ · २०७९ साल माघ ५ गते विहिवार · Thursday 19, Jan. 2023 · पृष्ठ ८ · मूल्य रु. ५/-

## श्रोत नखुलेको २२ लाख ५० हजारसहित २ पक्राउ

### व्यवसायी भन्छन बैंकमा जम्मा गर्न लगेको पैसा प्रहरीले समात्यो



मधेशदृष्टि
वीरगञ्ज ४ माघ।
पर्सा प्रहरीले हुण्डीको कारोवारमा संलग्न भएको आरोपमा श्रोत नखुलेको २२ लाख ५० हजार रुपैयाँ सहित २ जना व्यवसायीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवा निवासी ३४ वर्षीय बिकाश साह र वीरगञ्ज महानगरपालिका वडा नम्बर १८ ईनर्वा मनियारी निवासी १९ वर्षीय सुवास कुमार साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगंजको घण्टाघरस्थित सडकखण्डबाट उनीहरुलाई मंगलवार नियन्त्रणमा लिई बुधवार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको हो।

शंकास्पद अवस्थामा भारतीय नम्बरको स्कुटर चढेर रक्सौलबाट वीरगंज तर्फ आई रहेको अवस्थामा चेकजाँच गर्ने क्रममा बीआर-५-एई ९३४३ नम्बरको भारतीय स्कुटरमा पछाडी बस्ने सुवास कुमार साहले बोकेको झोला भित्र १ हजार, ५ सय तथा १ सय दरका २२ लाख ५० हजार नेपाली रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन्।

उनीहरुलाई बुधवारदेखि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कसूरमा अनुसन्धान अगाडी बढाईएको प्रवक्ता गिरीले जानकारि दिएका छन। पक्राउ परेकाहरु अण्डाका होलसेल व्यवसायी हुन। पक्राउ परेका पारिवारिक सदस्यहरुले पसलको रुपैया बैंकमा जम्मा गर्न जाँदा पक्राउ गरेको आरोप लगाएका छन्।

बीरगंजको घण्टाघरमा रहेको रक्षा भण्डार नामक अण्डाको होलसेल पसलका संचालक विकास साहले दैनिक २/३ ट्रक अण्डा बेच्ने गरेको र सो अण्डाको पैसा लगातार परेको दुई दिन सार्वजनिक विदाको कारण बैंक बन्द हुँदा जम्मा गर्न नपाएको अवस्थामा प्रहरीले बैंकको भौचर सहित जम्मा गर्न लैजादै गरेको पैसा जफत गरेको पिडितले बताएका छन।

पिडित परिवारले दुई दिन बैंक बन्द रहेको कारण रकम मोटो हुन गएको बताउंदै प्रहरीलाई आफू व्यवासयी हो, व्यवसायको श्रोत देखाउंदा पनि श्रोत नखुलेको भन्दै पक्राउ गरेर कारवाही प्रक्रिया अघि बढाउनु गलत रहेको भने।

पर्सा प्रहरीले व्यापारीको पैसा समातेर हुण्डीको कारोवारीको नाममा कारवाही गरेको घटनाले वीरगंजका व्यवसायीहरु आक्रोशित भएका छन। यसअघि पनि प्रहरीले बीरगंज बजारबाट व्यवसायीको पैसा समातेर श्रोत नखुलेको भन्दै हुण्डीको कारोवारीको नाममा कारवाही गर्ने गरेको र यस पटक पनि सोही घटना दोहोरिएको आरोप व्यवसायीहरुको छ।

व्यवसायीहरुले विरगंजबाट दिनहुँ गाई, भैंसी, लागू औषध र सुन लगायतका ट्रकका ट्रक करोडौको अवैध सामानहरु तस्करी हुने गरेको छ। घुसको सेटिङ्गमा तिनीहरुलाई कहिले पनि पक्राउ गर्दैनन्।

तर हामी व्यवसायीलाई हुण्डी कारोबारीको नाममा पक्राउ गर्ने, पारीबाट एक/दुई किलो चामल, तरकारी लगायतका खाद्यय सामाग्री ल्याउने सर्वसाधारणलाई कुटपिट गर्ने र तस्कर भनी सामान नियन्त्रणमा लिने सहितका दुख दिने गरेको आरोप लगाएका छन्। हामी व्यवसायीलाई पक्राउ गर्ने त्यही घुमुवा र प्रहरीहरुबाट कहिले पनि पक्राउ पर्दैनन्। केही नपाए सरकारलाई काम देखाउन व्यवासयीहरुलाई दुःख दिने गरेको हो।

यसैबीच घटना बारे मुख्यमन्त्री सरोजकुमार यादवले आफूले भोली नेपाल र सशस्त्र दुवै प्रहरीका डिआईजीलाई बोलाएको छु। गरीब, निमुखा सहितका सर्वसाधारणलाई अनाहकमा दुःख नदिन र गलत गर्नेलाई नछोडन निर्देशन दिनेछु भने।

उनले आफ्नो मातहतमा प्रहरी प्रशासन नरहेको कारण पनि समस्या रहेको भन्दै त्यसलाई आफ्

# मुख्यमन्त्री यादवले पाए विश्वासको मत

## तीन महिनाभित्रै भ्रष्टाचारमुक्त प्रदेश बनाउने प्रतिबद्धता



मधेशदृष्टि
जनकपुरधाम, ४ माघ। मधेश प्रदेशको मुख्यमन्त्री सरोज यादवले प्रदेशसभाबाट सर्वसम्मत विश्वास मत पाएका छन्। प्रदेश सभामा उपस्थित १ सय २ वटै प्रदेश सभा सदस्यले उनलाई विश्वासको मत दिएका हुन्।

१ सय ७ सदस्यीय प्रदेशसभा रहेकोमा १ सय २ जना प्रदेशसभा सदस्य मतदानमा सहभागी भएका थिए। सबैले उनको पक्षमा मतदान गरे भने विपक्षमा शून्य मत परे। माओवादी केन्द्रका दुई प्रदेश सभा सदस्य विवादमा रहेको कारण उनको शपथ रोकिंदा हाल १ सय ५ जना सदस्य मात्र रहेका छन्।

मुख्यमन्त्री यादवलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० वटै दलसहित र स्वतन्त्र प्रदेशसभा सदस्यहरुले विश्वासको मत दिए। मुख्यमन्त्री यादवलाई जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, लोसपाको ९, नेकपा माओवादी केन्द्रको ७, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका एक/एक तथा २ स्वतन्त्र प्रदेशसभा सदस्यहरुले विश्वासको मत दिएका छन्। त्यस्तै मधेश प्रदेशको दोस्रो ठूलो दल नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टी समेतले मुख्यमन्त्री यादवलाई विश्वाससको मत दिएको छ। प्रदेशसभामा प्रतिपक्षमा बस्नेगरी कांग्रेसका २२ र नेकपा (एस) का सातै जना प्रदेशसभा सदस्यले प्रतिपक्षमा बस्ने भनी विश्वासका मत दिएका हुन्।

गत पुस २७ गते ६३ प्रदेशसभा सदस्यहरुको समर्थनमा यादव मुख्यमन्त्रीमा नियुक्त भएका थिए। जसपा संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री यादवले गत पुस २९ गते पद तथा गोपनियताको शपथ लिएका थिए।

### भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता

मुख्यमन्त्री यादवले विश्वासको मत लिएपछि संचारकर्मीहरुसँग कुरा गर्दै मधेश प्रदेशका सबै निकायलाई तीन महिना भित्रै भ्रष्टाचार मुक्त बनाउने प्रतिबद्धता जनाए। मुख्यमन्त्री नियुक्त भएको दिन नै आफूले भ्रष्टाचारालाई शून्यमा पुऱ्उने प्रतिवद्धता जनाएको र सोही कुरालाई प्राथमिकतामा राखेर काम गर्ने भने।

भ्रष्टाचार छानवीनका लागि आफूले ५ सदस्यीय छानवीन समिति गठन गरिसकेको बताउंदै मुख्यमन्त्री यादवले सबै दललाई साथमा लिएर आफू अघि बढने कार्ययोजनामा काम गर्ने र सरकारको नीति तथा कार्यक्रम समेत सबै दलसँग छलफल गरेर ल्याउने भने।

उनले भने, 'मेरो पहिलो प्राथमिकता भ्रष्टाचारलाई नियन्त्रण गर्ने हो। अब मैले तीन महिना भित्र प्रदेश सरकारका जति कार्यालयहरु छन। त्यसमा भ्रष्टाचार शुन्य गरिदिन्छु र, सबै दललाई मिलाएर एकसाथ लग्नेछु। पाँच वर्ष प्रदेश सरकारबाट भएका कामहरुको छानवीन गर्नका निम्ति पाँच सदस्यीय एउटा छानवीन समिति गठन गरिदिएको छु। सरकारको नीति तथा कार्यक्रम र बजेट सबै दलसँग छलफल गरेर ल्याउनेछु। आवश्यक पऱ्यो भने पुरक बजेट पनि ल्याउन सकिन्छ।'

### कर्मचारीले घुस माग्ने गरेको आरोप

यसअघि विश्वासको मत लिन बसेको प्रदेश सभाको बैठकमा आएका कुराहरुको जवाफ दिदै उनले संघको कर्मचारीले दिनदहाडै घुस माग्ने गरेको आरोप लगाए।

उनले भने, 'म सभामुख रहेका बेला प्रदेश सरकारबाट मेरै क्षेत्रमा एउटा काम भएको थियो। त्यसका लागि कर्मचारीले १० प्रतिशत कमिशन मागे। म मुख्यमन्त्री लालबाबु राउतज्यूलाई त्यतिबेला फोन गरेर भनेको थिए। त्यसपछि ति कर्मचारीले भने मुख्यमन्त्रीले त फोन गर्नुभएको थियो, त्यसैले अब ८ प्रतिशत मात्र दिनुस्।'

'कर्मचारीहरु संघमा घुस खुवाएर प्रदेशमा आउँछन्, 'मुख्यमन्त्री यादवले भने, 'त्यसैले प्रदेशको डर नै हुँदैन। दिनदहाडै कमिशन माग्छन्। त्यसै प्रहरी र कर्मचारी समायोजन जरुरी भएको छ।'

उनले कर्मचारी र प्रहरी समायोजन भएपछि प्रदेशमा भ्रष्टाचार नियन्त्रण हुने विश्वास व्यक्त गरे। उनले निर्देशन दिए, 'म यहीबाट निर्देशन दिन्छु, भ्रष्टाचार बन्द गर्नुस्, नत्र नराम्रो पनि हुनसक्छ।'

मुख्यमन्त्री यादवले प्रहरी र कर्मचारी समायोजनका लागि सर्वदलीय टोली काठमाडौं जानुपर्ने अवस्था आउन सक्ने बताए। उनले संघीयतालाई कमजोर हुन नदिने सबै मिलेर मजबुत बनाउने काम गर्ने प्रतिवद्धता समेत जनाए।

सदनमा उठेको जिज्ञासामा उनले विगतको सरकारले ५ वर्षमा के कति काम गरेको र के गर्न बाँकी रहेको रिपोर्ट पेश गर्न मुख्य सचिवको संयोजकत्वमा समिति समेत बनाएर निर्देशन दिइसकेको बताए।

मुख्यमन्त्री यादवले बाँकी भुक्तानी कति रहेको र किन भुक्तानी हुन नसकेको विषयको रिपोर्ट पेश गर्न सबै मन्त्रालयका सचिवलाई समेत निर्देशन दिइसकेको सदनलाई जानकारी पनि गराए। उनले मधेश बलिदानी दिवसमा शहिद परिवारहरुको अवस्था हेरेर २५ हजारदेखि २ लाखसम्म सहयोग गर्ने जानकारी समेत दिए।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

क्षिरेश्वरनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश

# धनुषाधाममा एक महिने मकर मेला शुरु



मधेशदृष्टि
जनकपुरधाम, ४ माघ। धनुषाको धनुषाधाममा मकर मेला सुरु भएको छ। आइतबारदेखि सुरु भएको मकर मेला एक महिनासम्म चल्नेछ।

माघ महिनाको प्रत्येक हप्ताको आइतबार धनुषाधाममा मकर मेला लाग्ने गरेको छ। मकर मेलामा सहभागी हुनका लागि धनुषा, महोत्तरी, सिराहा, सप्तरी, सिन्धुली तथा सीमावर्ती भारतीयका श्रद्धालु भक्तजनहरु जाने गरेका छन्।

प्रसिद्ध धनुषाधाममा त्रेता युगमा तत्कालीन मिथिलाका राजा जनकको प्रतिज्ञा पूरा गर्नका लागि भगवान् रामले शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको र त्यसमध्ये एक टुक्रा आकाश, अर्को पाताल तथा तेस्रो टुक्रा धनुषधाममा खसेको धार्मिक मान्यता रहेको छ।

भगवान् शिवको पवित्र पिनाक धनुष भएका कारण सो ठाउँमा मकर अवधिभरि ठूलो धार्मिक मेला लाग्ने गरेको छ। खास गरेर धनुषाधाम मन्दिरमा भगवान् शिवको पिनाक धनुषको पूजापाठ गरी भाकल गरेको खण्डमा चिताएको कुरा पूरा हुने विश्वास भएकाले दर्शनार्थीको अत्यधिक भीड लाग्ने गरेको छ।

धनुषाधाम मन्दिरमा अरू दिन पनि भक्तजन आउने गरेको भए पनि अन्य दिन कम मात्रामा आउने गरेको मन्दिरका पुजारी स्वामी भरत दासले जानकारी दि।

धनुषाधाम मन्दिरमा करिब एक हजार वर्ष पुरानो पीपलको रुख रहेको छ। यसका साथै पीपलको जरामा आकाशगंगा छ। आकाशगंगाको पानी कहिल्यै सुक्दैन।

सुकेको खण्डमा अनिष्ट हुने धार्मिक मान्यता रहेको पुजारी दासले बताए।

जनकपुरधामबाट १८ किलोमिटर उत्तर पूर्वको कुनामा धनुषाधाम मन्दिर रहेको छ। धनुषको टुक्रा अवलोकन र पूजाअर्चना गर्न दिनहुँ आन्तरिक तथा बाह्य पर्यटक एवं श्रद्धालु भक्तजन जाने गरेका छन्। सो स्थानमा प्रत्येक वर्ष माघ महिनाको प्रत्येक आइतबार मकर मेला आयोजना हुने गरेको छ। श्रद्धालु भक्तजनले मनोकमना पूरा भएपछि भण्टाभार चढाउने गर्दछन्।

उता मध्य तराईका धनुषा, महोत्तरी, बारा, पर्सा, रौतहटलगायत जिल्लामा आइतबार माघेसंक्रान्ति पर्व घिउ, चाकु, तिलको लड्डु र तरुल खाएर मनाइएको छ। कलैया, वीरगञ्ज, गौर, जितपुर सिमरा, पोखरिया लगायतका बजारमा तिलको लड्डु, चाकु, तरुल, सखरखण्ड, पिँडालु लगायतका खाद्यवस्तुको एक सातादेखि बिक्री भइरहेको छ।

विशेष गरी स्थानीय बजारमा तिलको लड्डु तथा चाकु खरिद गर्नेको भीड लागेको छ। ज्योतिष शास्त्रअनुसार सौर तिथिका हिसाबले आइतबारदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने हुनाले दिन लामो र रात छोटो हुँदै जाने प्रकृतिको निरन्तरता रहँदै आएको छ।

'भविष्यपुराण' तथा 'धर्मसिन्धु' नामक ग्रन्थमा आजका दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र आगो ताप्ने मकलसहितको सिधा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले खाएमा शरीर पोसिलो हुनाका साथै निरोगी हुने उल्लेख छ।

# सभामुख मण्डल र उपसभामुख ईशरले गरे पदभार ग्रहण



मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । मधेस प्रदेशका नवनिर्वाचित सभामुख रामचन्द्र मण्डल र उपसभामुख बबिताकुमारी राउत ईशरले पद तथा गोपनीयताको सपथ ग्रहण सहित पदभार ग्रहण पनि गरेका छन् । बुधवार प्रदेश प्रमुख हरिशंकर मिश्रले सभामुख मण्डल र उपसभामुख ईशरलाई पद तथा गोपनियताको सपथ ग्रहण गराए लगत्तै प्रदेशसभा पुगेर उनीहरु पदभार सम्हालेका हुन् ।

पदभार ग्रहणसँगै सभामुख मण्डलले प्राथमिकताका आधारमा काम अघि बढाउने प्रतिक्रिया दिए । सभामुख मण्डलले भने, 'काम अगाडि बढ्दै जाँदा कति काम हुन्छ तपाईंहरूले थाहा पाउनु हुनेछ ।' पदभार ग्रहण लगतै बुधवार नै सभामुख मण्डलले आफ्नो कार्यपनि अघि बढाएका छन् । उनको पहिलो बैठकबाट मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासका मत लिएका छन् ।

बसेको प्रदेशसभा बैठकमा मण्डललाई सभामुखमा चयन गरियोस् भन्ने प्रस्तावको पक्षमा ७४ मत अर्थात् बहुमत सदस्यको समर्थन प्राप्त भएको थियो । कुल १०७ सदस्यीय प्रदेशसभामा १०३ जनाले मतविभाजन प्रक्रियामा सहभागिता जनाएका थिए । मंगलबार प्रदेशसभाका सभाध्यक्ष (ज्येष्ठ सदस्य) गोविन्द बहादुर न्यौपानेको अध्यक्षतामा बसेको प्रदेश सभाको बैठकबाट मतविभाजन प्रक्रिया मार्फत उनी सभामुखमा निर्वाचित भएका थिए । सभामुखमा चयन हुन ५२ मत आवश्यक रहेकोमा १०३ सदस्य उपस्थित रहेकोमा मण्डलको पक्षमा ७४ मत परेको थियो । उनको विपक्षमा २९ मत खसेको थियो ।

मण्डललाई सत्ता गठबन्धन दल एमाले, जसपा, माओवादी, जनमत, लोसपा, राप्रपा, नेपाल संघीय समाजवादी पार्टी र स्वतन्त्र संसादहरुको समर्थन थियो। प्रदेशमा एमालेका २३, कांग्रेसका २२, जसपाका १६, जनमतका १३, माओवादीका ७, लोसपाका ९, नेकपा एकीकृत समाजवादीका ७, राप्रपाका १, नेपाल संघीय समाजवादीका १ र स्वतन्त्र ५ जना सांसदहरु निर्वाचित भएका छन् ।

यसैगरी जनमत पार्टीकी उम्मेदवार बबिताकुमारी राउत ईशरलाई उपसभामुखमा निर्वाचित गरियोस् भन्ने पक्षमा ७२ मत प्राप्त भएको थियो ।

उनको विपक्षमा २९ मत खसेको थियो । उपसभामुखको निर्वाचन प्रक्रियामा १०१ सांसदले सहभागिता जनाएका थिए ।

# उमनपा विरुद्ध आन्दोलन गर्ने ई रिक्साको चेतावनी




मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन ई-रिक्सा ईकाई कमिटीले जनकपुरधाम उपमहानगरपालिकाले ई-रिक्सा व्यवस्थापनमा कुनै चासो र ध्यान नदिएको आरोप लगाएका छन् ।

जनकपुरधाममा बुधबार पत्रकार सम्मेलनको आयोजना गरी कमिटीका पदाधिकारीहरुले यस्तो आरोप लगाएका हुन् । ई-रिक्सा ईकाई कमिटी धनुषाका अध्यक्ष रमेश कुमार झाले भने, 'चार वर्ष भयो, ई-रिक्सा भित्रिएको तर उपमहानगरपालिकाले यो समस्या समाधानमा कहिल्यै गम्भीर बनेन' झाले गुनासो गरे 'तराईकै अरु ठाउँमा बकाइदा दर्ता भएर विधिवत चल्न हुने, जनकपुरधाममा नहुने कारण के हो, बुझ्न सकिएन ।

'उनले स्थानीय सरकारले उचित व्यवस्थापनमा चासो नदेखाएको आरोप लगाएका छन् । ई-रिक्सा व्यवसायीहरुले स्थानीय तहले नगर क्षेत्रमा चल्ने ई-रिक्सा सञ्चालन गर्ने रूट र संख्या निर्धारण गरिदिनुपर्ने माग गरेका छन् । जनकपुरधाम उपमहानगरपालिकाले ई-रिक्सा भित्रिएको ४ वर्षसम्म पनि रूट निर्धारण गर्न सकेको छैन ।

ई-रिक्सा ईकाई कमिटी धनुषाका प्रवक्ता वीरेन्द्रकुमार महतोले जनकपुरधाम उपमहानगरपालिकाले भने ई-रिक्सा दर्ता गरेर व्यवस्थापनको जिम्मा लिएकाले त्यो काम सुरु गर्नुपर्ने बताउँछन् । 'स्वदेशमै केही गरेर जिविकोपार्जन गरौं, स्वरोजगार बनौं भन्ने सोंच भएका धैरैले ऋण लिएर ई-रिक्सा खरिद गर्दै गए ।

तर उपमहानगरपालिकाले त्यसको व्यवस्थापन गर्न सकेको छैन भने ट्राफिक प्रहरीले समेत विभिन्न बहानामा रकम लिने लगायतका दुःख दिने गरेको आरोप लगाए । जनकपुरधाममा मात्रै अहिले करिब एक हजार ई-रिक्सा सञ्चालनमा छन् । ई-रिक्सा ईकाई कमिटीले विभिन्न ७ बुँदे मागहरु अगाडि सारेको छ। उसले ई-रिक्सालाई उपमहानगरभित्र गाभ्नुपर्ने, ई-रिक्साको वार्षिक कर कायम गर्नुपर्ने, कमिटीको सिफारिसमा उपमहानगरद्वारा परिचय पत्र वितरण हुनुपर्ने र उक्त परिचय पत्रलाई लाइसेन्स सरह मान्यता दिनुपर्ने, पार्किंग संख्यासहित प्रत्येक चोकमा ई-रिक्सा स्टेण्ड कायम हुनुपर्ने, दररेट निर्धारण तथा दररेट बोर्ड प्रत्येक चोकमा हुनुपर्ने, प्रत्येक ई-रिक्सा चालकहरुलाई सामाजिक सुरक्षा कोषको व्यवस्था हुनुपर्ने र ई-रिक्सा चालकहरुको जिवन बीमा हुनुपर्ने माग गरेको हो ।

ई-रिक्सा ईकाई कमिटीका पदाधिकारीहरुले जनकपुरधाम उपमहानगरपालिकाले आफूहरुको माग यथाशिघ्र सम्बोधन नगरे उपमहानगरपालिका घेराउ गर्ने सहितका आन्दोलन गर्ने चेतावनी समेत दिए ।

# ई सेवाको प्रादेशिक कार्यालय जनकपुरधाममा संचालन

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । जनकपुरधाममा ई-सेवाको प्रादेशिक कार्यालय विधिवत रुपमा सञ्चालनमा आएको छ ।

जनकपुरधाममा ई-सेवाको प्रादेशिक शाखा विगत करिब एक महिनादेखी सञ्चालनमा रहेपनि बुधवारदेखि विधिवत रुपमा पूजापाठ गरि उद्घाटन गरिएको हो ।

जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले उद्धाटन गरेसँगै गृह प्रवेश गरि कार्यालय सञ्चालनमा ल्याइएको ई-सेवाको मधेस प्रदेशका प्रबन्धक बिमला पुरीले जानकारी दिइन् ।

कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, ईं-सेवाका सिइओ जगदीश खड्का, मुक्तिनाथ बिकास बैंकका प्रदेश प्रबन्धक प्रभास झासहितको उपस्थिती रहेको थियो ।

ई-सेवाको प्रादेशिक शाखा जनकपुरधामस्थित मिल्स एरियामा सञ्चालनमा ल्याइएको हो ।

ई-सेवाले हाल ६५ लाख ग्राहकलाई सस्तो र सुलभ तरिकाले सेवा प्रदान गर्दै आईरहेको दबी गरिएको छ ।

# प्रधानाध्यापकको लापरबाहीले विद्यालयको अवस्था भद्रगोल



आरके श्रीवास्तव
गरूडा,माघ ४ गते ।
रौतहटको माधवनरायण नगरपालिका -१ दिपहीमा स्थित श्री रामजानकी प्राथमिक विद्यालयको अवस्था प्रधानाध्यापकका लापरबाहीले लथालिङ्ग बनेको छ ।

दिपही स्थित रहेको सो विद्यालयको पठनपाठन, शिक्षक शिक्षिका उपस्थिती विद्यालयको प्रशासनिक निकाय, छात्रछात्राहरुको खाजा व्यवस्थापनमा ठूलो लापरवाही भईरहेको आरोप लगाइएको छ । बिधालयको प्रधानअध्यापक जगरनाथ यादव नै शिक्षक संयोजक रहेकाले नगरपालिका बाहेक बिधालयमा समय न दिदा बिधालयको अवस्था दिन प्रती दिन लथालिङ्ग बन्दै गएको अभिभावकहरुको गुनासो रहेको छ ।

गाउँभन्दा बाहिर विद्यालय रहेको कारण विद्यालयमा शौचालय समेत व्यवस्थित नरहेको र शौचालयका "प्यान" भाँचेको, दुर्गन्धित रहेको, कक्षा कोठामा सरसफाई नभएको र खानेपानीको ब्यवस्था समेत नरहेको र बिधालयको प्रधानाध्यापक यादव कहिलेकाही मात्र उपस्थिति हुने गरेको कक्षा ५ का छात्रा अनिषा (परिवर्तित नाम)ले नाम नछाप्ने शर्तमा भनिन - "विद्यालयमा विद्यार्थीको पठनपाठन देखि लिएर हरेक क्षेत्रमा लापरबाही मात्रै भई रहेको छ । शिक्षकहरु विद्यालयमा उपस्थित भए पनि गफागफमा मात्रै समय खर्चेर हाजिरी मात्रै बनाउने गरेको र विद्यार्थीहरु समयमा विद्यालयमा आए पनि त्यतिकै फर्केर घर जाने गरेको उनले दुखेसो पोखिन् । त्यस्तै अर्को छात्र-छात्राहरुले समेत सोही अनुसारको समस्या रहेको बताए ।

त्यस्तै संघीय सरकारले कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको लागि उपलब्ध गराएको खाजामा समेत लापरबाही भएको आरोप लगाइएको छ । विद्यार्थीहरुको लागि उपलब्ध हुने खाजा हप्तामा १ या २ दिन मात्रै दिने गरिएको विद्यार्थीहरुको आरोप छ । त्यसमा पनि कुनै दिन विस्कुट त कुनै दिन चाउचाउ मात्र दिने गरिएको उनिहरुको गुनासो छ ।

यस सम्बन्धमा सोही विद्यालयका शिक्षक होस नारायण यादवलाई जिज्ञासा राख्दा उनले खाजाको मापदण्डको लागि बारम्बार प्रधानाध्यापकसँग जानकारी माँग्दा पनि कुनै जवाफ नआएको वताए । उनले भने,"आफु बिना जानकारीको नै विद्यार्थीहरुलाई आफ्नो सुविधा अनुसारको खाजाको व्यवस्था गर्दै आएको छु ।" तर, शिक्षक तथा अभिभावककै अगाडीमै कलिला उमेरका सोही विद्यालयका बालबालिकाले आफुलाई खाजा नदिने गरेको दुखेसो पोखे ।

माधवनरायन नगरपालिकाका शिक्षा संयोजक समेत रहेको प्रधानाध्यापक यादवलाई आफ्नो विद्यालयको विद्यार्थी संख्या पनि थाहा नरहेकोले यादवलाई आफ्नो विद्यालयको विद्यार्थीहरु दिवाखाजा बाट बन्चित रहेको यस्तो प्रअले विद्यालय तथा विद्यार्थीको भविष्य कस्तो गर्ने हो कसैलाई थाहा नभएको स्थानीय रामपृत साहले बताए ।

यस सम्बन्धमा सोही वडाका वडा अध्यक्ष शेलेन्द्र साहले स्कुल को विकासको लागि बारम्बार प्रयास गरे पनि प्रधानाध्यापकको एकलौटी हठ र निर्णयले आफुहरु पनि असक्षम रहेकोले अब छिटोभन्दा छिटो बिधालय ब्यवस्थापन समिति बनाएर अगाडि बढ्न बताए ।

यस सम्बन्धमा प्रधानाध्यापक जगरनाथ यादव संग बुझ्दा यो सबै राजनीति रहेको र आफू तालिममा रहेको समयमा बारम्बार आफु माथी झुठो कपोकल्पित आरोप लगाउदै आएको प्रतिक्रिया दिए ।

# नागरिकता प्रक्रिया अघि बढाउन आयोगको माग




मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । मधेशी आयोगले प्रमुख राजनीतिक दललाई नागरिकता सम्बन्धी विधेयक, २०७९ प्रमाणीकरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन माग गरेको छ ।

नागरिकता विहिन संघर्ष समितिका पदाधिकारीले आयोगमा पुगेर आयोगका अध्यक्ष डा.विजयकुमार दत्त समक्ष ज्ञापन पत्र बुझाएका थिए ।

नागरिकता नभएको कारणले गर्दा राज्यको हरेक सेवा सुविधाबाट बन्चित हुनुपरेको समस्याले गर्दा नयाँ राष्ट्रपतिको नियुक्तिपछि नागरिकता विधयेक, २०७९ प्रमाणीकरणमा विशेष भूमिका निर्वाह गरिदिन आग्रह सहितको ज्ञापन पत्र बुझाइएको थियो ।

ज्ञापन पत्र बुझेपछि अध्यक्ष दत्तले नागरिकता नहुनुको पीडा आयोगले पनि बुझेको र आयोगले यसमा गर्न सक्ने सबै किसिमको सहयोगबाट पछाडि नहट्नेसमेत प्रतिद्वता जनाए । ज्ञापन पत्रलाई मध्यनजर गर्दै अध्यक्ष दत्तको निर्देशनमा आयोगले सबै शिर्ष राजनीतिक दललाई विधेयक प्रमाणीकरणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन माग सहित पत्राचार गरे । नागरिकता सम्बन्धी विधेयक २०७९ दुई पल्ट प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भएर राष्ट्रपति समक्ष पुगे पनि राष्ट्रपतिबाट प्रमाणीकरण नभएकाले आफुहरु राज्यको विभिन्न सेवा सुविधाबाट बन्चित हुनुपरेको सो ज्ञापन पत्रमा उल्लेख छ ।

# बसको ठक्करबाट साइकल यात्री ठहरै

डम्बर राई
कञ्चनरुप,४ माघ । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा स्थित पूर्व पश्चिम लोकमार्गमा यात्रुवाहक बसको ठक्करबाट सोही स्थान बस्ने बर्ष ६० को डम्बर विश्वासको मृत्यु भएको छ । विराटनगरबाट सिरहा जादै गरेको ना ५ ख ६७२ नम्वरको गजराज ट्राभल्सले दिउँसो तीन बजेको समयमा विपरित दिशाबाट साइकल भएर आउँदै गरेका विश्वासलाई ठक्कर दिदा घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएका छन ।

घटना लगत्तै पिडित तथा गाउँलेहरुले शवलाई सडकमै राखेर दुईघण्टा चक्काजाम गरेका थिए । घटनास्थलमा प्रहरी प्रशासन, नगरप्रमुख विरेन्द्र माझी, जनप्रतिनिधि र पिडित पक्ष बीच सहमति भएपछि शव उठाइएको थियो ।

सवारी चालक र बसलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी गराएका छन् ।

# धनुषामा भूमिहिन तथा सुकुम्बासीको लगत संकलन

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । राष्ट्रिय भूमि आयोग जिल्ला समिति धनुषाले भूमिहीन तथा सुकुम्बासीको लगत संकलन कार्यलाई तीव्रता दिएको छ ।

राष्ट्रिय भूमि आयोग जिल्ला समिति धनुषाले धनुषा जिल्लाका १८ वटै पालिकालाई परिपत्र गरी भूमिहीन तथा सुकुम्वासीको लागत संकलनमा तीव्रता दिन भनेको छ । सोही परिपत्रका अनुसार पालिकाहरुले भदौ २ गते देखि नै सुकुम्वासीको लागत संकलन गरिरहेको राष्ट्रिय भूमि आयोग जिल्ला समिति धनुषाका प्रवक्ता राम गोविन्द यादवले जानकारी दिएका छन् ।

उनले लागत संकलन पश्चात पालिकाहरुले आफ्नो पालिकामा रहेका एलानी तथा सरकारी जमिनहरुलाई नाप नक्सा गरी पायक पर्ने सुकुम्वासीलाई वितरण गरी आयोगलाई सिफारिस गरेपछि मात्रै आयोगले सो जग्गाको लालपूर्जा दिइने बताए । दलित सुकुम्वासी,भूमिहीन वर्ग र अव्यस्थित रुपमा बसोवास गरिरहेका सामुदायलाई क्रमश प्राथमिकतामा राखेर जग्गा वितरण गरिने उनले बताए ।

प्रत्येक परिवारलाई ८ धुरको दरले जग्गा उपलब्ध गराइने छ ।पालिकामा ऐलानि जग्गा नभएको अवस्थामा नजिकको रहेको अन्य पालिकामा पनि जग्गाको व्यवस्थापन गर्ने कार्यक्रम रहेको छ । यसैबीच, मिथिला नगरपालिका वडा न.११ मा बहुन मार ा,लाटा,विसमवा किउरे लगायतका टोलमा रहेका ५ सय विघा सरकारी जमिनको नापी भइसकेको र सो जग्गा स्थानीय सुकुम्वासीलाई केही दिनमै वितरण गरिने तयारी भइरहेको जनाइएको छ ।

# सांसदले शिलान्यास गरेको शिलालेख मेयरले तोड्यो

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । धनुषा क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य रामकृष्ण यादवले शिलान्यास गरेको एक पुलको शिलालेख विदेह नगरपालिकाका मेयर बेचन दासले तोडफोड गरेका छन् ।

धनुषाको विदेह नगरपालिका वडा नम्बर २ स्थित डुमरिया पुलको निर्माणका लागि सोमवार प्रतिनिधि सभा सदस्य यादले शिलान्यास गरेका थिए । सो शिलान्यासका लागि गाडिएको शिलालेख मेयर दासले तोडफोड गरेको आरोप यादवले लगाए ।

उनले भने आफ्नो प्रयासमा संघीय सरकारबाट ७ करोडभन्दा रकमको लागतमा पुल निर्माणका योजना ल्याइएको थियो । सो योजना अनुरुप पुल निर्माणका लागि आफूले पुर्व मन्त्री र वर्तमान सांसदको हैसियतमा शिलान्यस गरे, तर राजनीतिक आवेशमा कोही नभएको अवस्थामा मेयरले तोडी दियो ।

यता घटना बारे मेयर दासले आफूले पुल निर्माणका लागि गाडिएको शिलालेख तोडफोड गरेको स्वीकार गरेका छन् । उनले भने त्यो पुलको बजेट सांसद यादवको प्रयासमा होइन आफ्नो दुई वर्षे पहलमा आएको हो । गत आर्थिक वर्ष २०७८/०७९ मै बजेट आएको हो र टेण्डर पनि भइसकेको छ । तर चुनावले गर्दा काम अगाडि बढन सकेको थिए ।

आफूले काम गराउन खोज्दै गर्दा सांसद यादवले सुरखुरु बनेर नगरपालिकालाई बाईपास गरेर आफ्नो जस लिन शिलान्यास गर्दा आफूले त्यो शिलालेख तोडेको हुँ । उनले भने संघ वा प्रदेश कुनै पनि सरकारको योजनाका काममा स्थानीय तहसँग समन्वय गर्नु कानूनी व्यवस्था छ । तर त्यसो गरेन् । यदि उनलाई शिलान्यास नै गर्नुथियो भने आफू वा वडाध्यक्षसँग समन्वय गर्नुपर्थ्यो, तर गरेनन् ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# सर्लाहीको बागमती र लालबन्दीमा कुमारी बैंकको शाखा उद्घाटन

घनश्याम बलम्पाकी

सर्लाही, ४ माघ । सर्लाहीको बागमती र लालबन्दीमा बुधवार कुमारी बैंकको शाखा उद्घाटन गरिएको छ । बगमती नगरपालिका-११ कर्मैया र लालबन्दी-७ लालबन्दी बजारमा शाखाको विधिवत उद्घाटन गरिएको हो ।




कार्यक्रममा बागमती नगरपालिकाका प्रमुख (मेयर) भरत कुमार थापाको प्रमुख आतिथ्यमा कर्मैया शाखाको उद्घाटन गदै मेयर थापाले समृद्ध नेपाल, सुखी नेपालीको नारालाई सार्थक तुल्याउन गाँउघरमा खुलेका बैंक तथा बित्तिय संस्थाले टेवा पु-याउने विश्वास ब्यक्त गरे ।

बैंकले सरल र सहज सेवा दिन सके जनतामा विश्वास बढ्ने र शाखा बलियो हुने धारणा राखे । कुमारी बैंक जस्ता बित्तिय संस्थाले सहज र सरल ब्याजमा ऋण प्रवाह गर्न सके गाउँघरका जनताले साहुमहाजनबाट चर्को ब्याजमा ऋण लिन बाध्यताबाट उन्मुक्ति मिल्ने समेत बताए ।

कर्मैया शाखा प्रबन्धक गोविन्द लामिछानेले बैंकले ठुला भन्दा साना ब्यवसायमा लगानी बढाउने, बैदेशिक रोजगरीमा जाने र बैदेशिक रोजगारीबाट फर्केर ब्यबसाय गर्न चाहनेका लागि र कृषि क्षेत्रमा केन्द्रित रहने बताए ।बैंकले बित्तिय कारोवार, कर्जा प्रवाह,एटिएम, मोवाइल बैंकिंङलगायतका सेवा प्रदान गरिने बताए । शाखा उद्घाटनको अवसरमा उद्योगी, ब्यापारी, पत्रकार नागरिक अगुवा लगायत बैंकका कर्मचारीको उपस्थिति रहेको थियो ।

यस अघि जिल्लाको मलंगवा, बयलवास, हरिवन, बरहथवामा शाखा उद्घाटन भइसकेको छ । बुधवारनै उद्घाटन भएको कर्मैया (१०६) र लालबन्दी (१०७) औं शाखा सहित मधेश प्रदेश बैंकको ३४ वटा शाखा बिस्तार गरी कारोवार सुचारु भएको कुमारी बैंक लिमिटेड मधेश प्रदेशका प्रमुख प्रेम बहादुर बस्यौलाले जानकारी दिए ।

# एक हप्ताभित्र माग पुरा गर्न जनमतको चेतावनी

मधेशदृष्टि

जनकपुरधाम,४ माघ । धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ४ स्थित कजरा रमौल अन्तर्गत पर्ने श्री.जनता माध्यमिक विद्यालय महिनौं देखि विद्यालय बन्द रहेको छ । विधालयमा पठनपाठनका लागि पूर्ण रूपमा सूचारु हुनुपर्यो र एकहप्ता मागहरू भित्र पुरा नभए मिथिला बिहारीमा आन्दोलनमा उत्रिन बाध्य हुने जनमत पार्टीले चेतावनी दिएका छन् ।शिक्षक र केही तानाशाही प्रवृत्ति मानिसहरूको लापरवाहीको कारणले गर्दा विद्यालयमा भौतिक संरचना देखि लिएर पठन -पाठनमा आर्थिक हिनामिना र विद्यार्थीहरूमा पर्न गएको नकारात्मक असर विद्यालय जिगो अवस्थामा पुगेको भन्दै जनमत पार्टीले वडा अध्यक्ष बिजय कुमार यादवलाई ज्ञापनपत्र बुझाइएको हो । त्यहाँको बिधार्थी ,जनताहरुले पटक-पटक खबरदारी गर्दा पनि अहिलेसम्म केही सुनुवाई भएको छैन र कुनै निकाय बाट तसर्थ जनमत पार्टी जनताको हकहित र भ्रष्टाचारमुक्त समाज निर्माणको पक्षमा रहने सो पत्रमा उल्लेख गरिएको छ। महिनौं देखि विद्यालय बन्द भएको पठनपाठन पूर्ण रूपमा सूचारु हुनुपर्यो, अनुपस्थित भएरहेको २ शिक्षक केहीदिनदेखि उपस्थित हुनुपर्यो ( त्यसको कारणसहित दिनुपर्छ), विद्यालयबाट केही सामग्रीहरु चोरी भएको त्यसलाई पत्ता लगाउनु र छानविन समिति गठन गर्नुपर्यो चोरी भएको सामग्रीहरू कम्प्युटर,प्रोजेक्टर,टेप रेकर्डर लगायतका समाग्री, विद्यालय वर्षो देखि नभएको हरहिसाब हरहिसाब दिनुपर्यो, विद्यालय वर्षो देखि नतिरेको बिजुली छिट्टै तिर्नुपर्यो, कअष्मलअभ िबद मा भएको आर्थिक हिनामिना भएको छानबिन गरियोस र हिनामिना गर्ने माथि कारबाही हुनुपर्छ, विद्यालयको व्यवस्थापन समिति बिहिन भएको विद्यालयमा व्यवस्थापन समिति गठन गर्नुपर्छ उनीहरूले आफ्नो माग राखेका छन् ।

# हतियार सहित एक युवक पक्राउ

घनश्याम बलम्पाकी

सर्लाही ४ माघ । सर्लाहीको बयलवास बजारबाट बुधबार हतियारसहित एक युवक पक्राउ परेका छन् । ईश्वरपुर नगरपालिका-५, नरेशखोरका २२ वर्षीय सन्जितकुमार महतो हतियारसहित पक्राउ परेका हुन् । महतोको साथबाट एक थान कटुवा पेस्तोल र एक राउण्ड गोली बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । उनलाई इलाका प्रहरी कार्यालय इश्वरपुर केशरगन्जको हिरासतमा राखी थप अनुसन्धान भइरहेको छ । प्रहरीका अनुसार महतो मोटरसाइकल चोरी गर्ने घटनामा संलग्न हुँदै आएका थिए । जिल्लाको विभिन्न स्थानबाट मोटरसाइकल चोरी भएका पीडितसँग पैसा असुल्ने गरेको उजुरीको आधारमा प्रहरीले विशेष सुराकीको आधारमा महतोलाई बुधबार मध्यान्ह ईश्वरपपुर नगरपालिका-६, बयलवास बजारबाट पक्राउ गरेको हो । महतोले मोटरसाइकल चोरी गरी पीडितलाई भारतसम्म बोलाएर २५, ३० हजार रुपियाँ माग्ने गरेको उजुरीका आधारमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी विजय श्रेष्ठले बताए

महतोलाई नियन्त्रणमा लिएर खानतलासी लिँदा उनले शरीरमा लुकाएर बोकेको पेस्तोल र गोली बरामद भएको डीएसपी श्रेष्ठले जानकारी दिएका छन् ।

# जनप्रतिनिधीको प्राथमिकतामा पर्दैन शिक्षा

दीपेन्द्रप्रसाद सिंह

जनकपुरधाम,४ माघ ।

धनुषाको बटेश्वर गाउँपालिका वडा नं. १ स्थित लक्ष्मी माध्यमिक विद्यालयको कक्षा १० मा एक सय दश जना विद्यार्थी अध्ययनरत छन् । कक्षा १० सम्म पढाई हुने यस विद्यालयमा प्राथमिक विद्यालयका चार जना शिक्षकको दरवन्दी मात्रै छ । ति शिक्षक पनि प्राथमिक तहका हुन् । शिक्षक अभावमा प्राथमिक तहका शिक्षकहरुकै भरमा विद्यालय स्थापनाकालदेखि नै संचालन छन् । विद्यालयमा ६ सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा शिक्षक मात्रै होइन कक्षाकोठाको समेत अभाव छ । कक्षाकोठा र शिक्षक र फर्निचर अभावले विद्यार्थीहरुलाई अध्ययन अध्यापनमा समस्या हुदै आएको कक्षा ९ की विद्यार्थी पुजा सिंहले बताइन् । डेस्क बेन्च अभावमा विद्यार्थीहरु कोचिएर बस्नुपर्ने बाध्यता रहेको उनले बताइन् ।

निम्न माध्यमिक र माध्यमिक तहमा दरवन्दी विना शैक्षिक क्रियाकलापन संचालन गर्नु निकै चुनौती रहेको विद्यालयका प्रधानाध्यापक श्याम सिंहले बताउँछन् । उनले भने, अभिभावकको आग्रहमा प्राथमिक शिक्षक र राहत शिक्षकहरुकै भरमा विद्यालय चलेको भएपनि स्थानिय जनप्रतिनिधी र पालिकाले चासो नदिएको उनले गुनासो गरे । उनले भने, विद्यालयमा शिक्षक अभाव छ, कक्षाकोठा अभाव छ, विद्यार्थीको चाप थेग्न नसक्ने अवस्था छ, तर पालिकाले स्वयसेवक शिक्षकका लागि समेत रकम दिन सकेको छैन् ।

विद्यालयको आन्तरिक आम्दानी र प्रशासनिक खर्चबाट निजी श्रोतमा गणित र विज्ञान विषयका शिक्षक भर्ना गरिएको उनले बताए ।

अग्रेजी विषयका शिक्षक अभावले गर्दा शिक्षण क्रियाकलाप नै प्रभावित हुन थालेको कक्षा १० मा विद्यार्थी दिपेन्द्र महतोले गुनासो गरे ।

तराईमा एउटा कक्षामा ५० जना विद्यार्थीसम्म राख्न पाउने शिक्षा नियमावलीमा उल्लेख छ तर शिक्षक अभाव र कक्षाकोठा अभावले गर्दा सेक्सन विभाजन गर्न नसकेको विद्यालयका प्राधानाध्यापक श्याम सिंहले बताए । अत्यधिक गर्मीको वेलामा एउटै डेष्क बेन्चमा ६ देखि ८ जनासम्म बसेर पढनुपर्ने हुन्छ । पसिनाले कपडा भिजेर पसिनै पसिना भई पढाउन सक्ने अवस्था हुदैन, शिक्षक कुशेश्वर महतोका अनुसार चिसो मौसमा अलि सहज भएपनि गर्मी मौसममा एउटै कक्षाकोठामा एक सय भन्दा बढी विद्यार्थीलाई पढाउन समस्या हुने गरेको बताए ।

उनले भने गर्मी सहन नसकेर विद्यार्थीहरु मुर्छा पर्ने, टाउको दुख्ने, ज्वरो लाग्ने, वान्ता हुनेलगायतको समस्या दैनिक



आउने गरेको बताए ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका वडा नम्बर ४ सपहीमा रहेको नारायणबाबा दलित जनजाति प्राथमिक विद्यालयका विद्यार्थी भौतिक संरचना अभावमा खुला भुँइमा बसेर पढ्न बाध्य छन् । २०६७ सालमा स्थापना भएको यो विद्यालयका लागि ४ कोठे पक्की भवनको जग त्यतिबेलै खनिएको थियो ।

तर, अहिलेसम्म २ वटा कोठाले मात्रै पूर्णता पाएको छ । यहाँका विद्यार्थी फर्निचर अभावाले धेरै बालबालिका भुँइमा बसेर पढ्न बाध्य छन् । विद्यालयमा ७० विद्यार्थीलाई एक राहत कोटाका महिला शिक्षक र दुई जना बालविकास कोटाका सहजकर्ताले पढाउँदै आएका छन् । गाउँभन्दा ५ सय मिटर पर खुला वातावरणमा विद्यालय स्थापना गरिएको भए पनि भौतिक संरचना नहुँदा निकै समस्या भएको प्रधानाध्यापक शशिप्रभा कर्ण बताउँछिन् ।

विद्यालयमा कक्षा ३ का विद्यार्थीका लागि गाउँबाट १० वटा बेन्च ल्याइएको छ । तर, बेन्च कहाँबाट कसरी ल्याइएको हो भन्नेबारेमा प्रधानाध्यापक कर्ण नै अनभिज्ञ छिन् । हावाले विद्यालयको जस्तापाता उडाइदिएको छ । स-साना विद्यार्थी खुला आकाशमुनि बाँसको टाँटीले बेरिएको कक्षाकोठामा पढ्न गर्छन् । गर्मी र वर्षातका बेला निकै कठिनाइ हुने शिक्षिका उषा साहले बताइन् । विद्यालयको नाम लेखिएको बोर्डसमेत हावाले उडाएर खसाएको छ । प्रधानाध्यापक कर्ण खुला स्थानमा रहेकाले सर्प र कीराको त्रास भइरहने बताउँछिन् । 'साना बालबालिकालाई कीरा र सर्पलगायतबाट बचाउन निकै गाह्रो छ,' उनले भनिन् ।

विद्यार्थीहरुको चापले भरि भराउ रहने गरेको संकटमोचन देवशरण रामरति माध्यमिक विद्यालयलाई सुचना प्रविधीमैत्री विद्यालय घोषणा गरिएपनि विद्यालयमा भने भौतिक पूर्वाधार र पढाउने शिक्षकको अभाव देखिएको छ । भौतिक पूर्वाधारको अभावले एउटै कक्षाकोठामा विद्यार्थीहरु अटाउने गरेको छैन । विद्यार्थीहरुको निकै चाप रहेकाले गर्दा शिक्षकहरुलाई कक्षाकोठामा उभेर पढाउने ठाउँको समेत अभाव हुने गरेको कम्प्युटर शिक्षक अखिलेश झाले जानकारी दिए । उनले भने एक सयदेखि लिएर १ सय ५० जना विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेर पढाउनुपर्ने बाध्यता रहेको छ ।

संकटमोचन देवशरण रामरति माध्यमिक विद्यालयका अनुसार बालविकासमा ३५ जना, कक्षा १ मा ६५ जना, कक्षा २ मा ११०, कक्षा ३ मा १४२ जना, कक्षा ४ मा २६० रहेकोमा सेक्सन ए र सेक्सन वी गरि दुई कक्षाकोठामा पढाई हुदै आएको छ। कक्षा ५ मा २८५, कक्षा ६ मा २५३, कक्षा ७ मा २७३, कक्षा ८ मा ३३७, कक्षा ९ मा ३४८ र कक्षा १० मा ३०५ सहित कक्षा ११ र १२ मा ४ सय विद्यार्थी अध्ययनरत रहेका छन । अहिले १८ वटा कक्षाकोठामा एक साथ पढाइ हुदै आएको छ तर विद्यालयमा भने विद्यार्थीको उपस्थिती अनुसार ५८ वटा कक्षाकोठा आवश्यक देखिन्छ भने कम्तीमा पनि १५ जना शिक्षक अझै आवश्यक रहेको विद्यालयका प्रध्यानाध्यापक बलिराम साहले बताएका छन ।

विद्यालयमा विद्यार्थीहरुको उपस्थितीले गर्दा एउटा डेष्क बेन्चमा ५ जनासम्म बस्नुपर्नेमा ८ जनासम्म विद्यार्थी बसाएर पढाउनुपर्ने बाध्यता रहेको छ । विद्यार्थीहरु निकै टासिएर बस्नुपर्ने भएकाले गर्दा विद्यालयमा कक्षा कोठामा भएको छात्रा बस्ने कक्षाकोठा र छात्र बस्ने कक्षाकोठा नै सेक्सन गरि छुटयाउनुपर्ने बाध्यता रहेको विद्यालयका प्रधानाध्यापक साहको भनाई रहको छ । कक्षाकोठामा विद्यार्थी अटाउन सक्दैनन् एउटै बेन्चमा आवश्यकभन्दा बढी विद्यार्थी बसाउनुपर्ने भएकाले गर्दा छात्र र छात्राहरुको छुट्टै कक्षाकोठा छुटयाउनुपर्ने बाध्यता रहेको उनले बताएका छन ।

लक्ष्मीनिया गाउँपालिका वडा नं. ३ स्थित दलित जनजाति आधारभुत विद्यालयमा फर्निचर अभावले विद्यार्थीहरु भुँइमै बसेर पढनुपर्ने बाध्यता छ । धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा १९ वटा सामुदायिक विद्यालय छन् । गाउँपालिकाका १९ विद्यालयमध्ये आठ वटामा मात्रै आवश्यक फर्निचर रहेको शिक्षा शाखाले बताए । अधिकांश विद्यालयमा डेस्क, बेन्चको अभावमा विद्यार्थी अध्ययन गर्न बाध्य छन् । विद्यालयमा कालोपाटी छैन, शौचालय पनि छैन । शौचालय नहुँदा शिक्षिकाहरुलाई नै अफ्ठ्यारो हुने गरेको छ। विद्यालयलाई सुरक्षित राख्न घेरावेराको अभाव छ । विद्यालयमा टिफिनको समयमा विद्यार्थीको रेखदेख गर्नुपर्ने अवस्था छ। तर शिक्षा सुधारका लागि स्थानिय जनप्रतिनिधी र पालिकाहरुको ध्यान जान सकेको छैन् । विद्यालयमा समेत भौतिक सामाग्री निमार्ण बाहेक अन्य शैक्षिक सुधारका गतिविधीमा जनप्रतिनिधीहरुको ध्यान जान नसकेको बटेश्वर गाउँपालिका समाजसेवी राजकिशोर महतोको भनाई छ। उनले भने विद्यालयमा प्रवेशद्धार, सरस्वती मंदिर र भवन बाहेकको शैक्षिक सुधारका काममा जनप्रतिनिधीहरुको भुमिका हुनपर्ने हो तर कमिसन कहाँबाट आउने खेलमै जनप्रतिनिधी र कर्मचारीहरु समेत लिप्त रहेको उनको गुनासो छ । बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले विद्यालयमा राजनितिकरण हुने गरेको छ, विद्यालयमा शिक्षकहरुले नियमित रुपमा कक्षाकोठामा सहभागि नहुने गरेकाले समेत समस्या भई रहेको बताए । उनले भने विद्यालयमा नियमित रुपमा संघिय बजेट र पालिकाबााट समेत सहयोग गरिदै आएको छ । विद्यालयहरुमा शिक्षक अभाव, भवन अभाव र फर्निचरलगायतको समस्या समाधान गर्न संघिय सरकार र प्रदेश सरकारको सहयोग आवश्यक रहेको बताए । पालिकामा केही विद्यालयमा पहिलो चरणमा पालिकाको आन्तरिक श्रोतबाट तलव दिने गरि स्वयमसेवक शिक्षक राखिएको बताए ।

लक्ष्मीनियाँ गाउँपालिकाका शिक्षा सुधारका लागि स्वयमसेवक शिक्षक र फर्निचरलगायतको सहयोग गर्दै आएको प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादवले बताए । विद्यालयहरुमा समस्या छ, तर पालिकाले विस्तारै सक्दो सहयोग गर्दै लैजाने उनले बताए । अहिले शिक्षाको अधिकार स्थानिय तहलाई दिएको छ । शिक्षकको तलव, भत्ता समेत स्थानिय तहबाटै प्रदान गर्ने गरि माध्यमिक तहसम्मको अधिकार स्थानिय तहलाई दिएको छ तर पालिकाहरुमा शिक्षाका अधिकारी र कर्मचारीहरुको अभावले गर्दा समेत विद्यालयको अनुगमन हुन सकेको छैन् । जनप्रतिनिधीहरु निमार्णलगायतको भौतिक संरचनामा जोड र प्राथमिकतामा पर्ने गरेकोले शिक्षा सुधारका मुलभुत कुराहरु ओझेलमा पर्ने गरेको जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद महाशाखा प्रमुख मेहिलाल यादवको बुझाई छ । उनले शिक्षा सुधारका लागि जनप्रतिनिधीहरुको सोचको विकास गर्न नसकेको बताए ।

उनले भने अहिले जनप्रतिनिधीहरुलाई आफ्नो वरिपरिका शिक्षकलाई कुन विद्यालयमा राख्ने र भवन निमार्णको काम बाहेक पठन पाठन क्रियाकलापमा ध्यान दिन सकेका छैनन् ।संघीयता कार्यान्वयनपछि विद्यालय अनुगमन नहुँदा विद्यालय शिक्षामा रहेका बेथितीहरु कम हुन नसकेको बताए ।

# बरहथवामा वडाध्यक्ष र कार्यपालिका सदस्यलाई अभिमुखीकरण प्रदान

घनश्याम बलम्पाकी

सर्लाही ४ माघ । सर्लाहीको बरहथवामा बुधवार वडाध्यक्ष र कार्यपालिका सदस्यहरुलाई स्थानीय सरकारमा लैङ्गिक उत्तरदायी सुशासन तथा जवाफदेहिता अभिवृद्धि विषयक अभिमुखीकरण प्रदान गरिएको छ । साउथ एशिया पार्टरशीप नेपाल (साप-नेपाल) को आयोजना तथा बरहथवा नगरपालिकाको समन्वयमा वडाध्यक्ष र कार्यपालिका सदस्यलाई राखेर अभिमुखीकरण प्रदान गरिएको हो । यस्तो अभिमुखीकरण हिजो नगरपालिकाको विभिन्न विषयगत शाखाका प्रमुख र वडा सचिवहरुलाई प्रदान गरिएको थियो । उनीहरुलाई नगरपालिकाकै कार्यक्रम अधिकृत



रुपेश कुमार कर्ण र पंकज कायस्थले अभिमुखीकरण प्रदान गर्नुभएको साप-नेपालका कार्यक्रम संयोजक जनक कार्कीले जानकारी दिए । साप-नेपालकी अध्यक्ष गीता भट्टराईको अध्यक्षतामा २ दिने अभिमुखीकरणको समापन गरिएको छ। बुधवारको अभिमुखीकरणमा सहभागी बरहथवा नगरपालिका ८ टाँडीकी मंगलीदेवी माझीले साप-नेपालले समूह दर्ता गरेर कार्यक्रम संचालन गर्न थालेपछि आफूहरुमा धेरै परिवर्तन आएको सुनाउँदै विपन्न र अतिपिछडिएको आफूहरुको समुदायमा आवास, सडकसहित अन्य विकासका लागि जनप्रतिनिधिले बेवास्ता गरेको गुनासो गरेका छन् । अभिमुखीकरणमा आफूले सिकेको विषयवस्तु बताउँदै बरहथवा ११ का वडाध्यक्ष नवराज राई, १५ का वडाध्यक्ष रामबहादुर चौधरी, १६ का वडाध्यक्ष लक्ष्मी नारायण महतो, कार्यपालिका सदस्य रामकुमारी देवी मण्डल, सरिता कुमारी विश्वकर्माले आगामी दिनमा लैंगिक मैत्री बजेट निर्माणमा लाग्ने प्रतिवद्धता व्यक्त गरे । साप-नेपालले बरहथवासहित चन्द्रनगर, बसबरिया र हरिपुरमा पिछडिएको मुसहर समुदायको उत्थानका लागि काम गर्दै आइरहेको छ। संस्थाले यि ४ पालिकामा ३२ वटा महिला समूह दर्ता गरी झण्डै १६ सय महिलालाई सचेत गराउने, मासिक बचत गराउनेलगायत कार्य गर्दै आइरहेको छ ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

नगराईन नगरपालिका
धनुषा, मधेश प्रदेश

## सम्पादकीय

# निरिह प्रधानमन्त्री, प्रभावशाली सहयोगी दल

प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रिपरिषद विस्तार गरेका छन् । मंसिर १० गते आफू सहीत केही मन्त्रीहरुको क्याविनेट बनाएका दाहालले गरेको पछिल्लो मन्त्रिपरिषद विस्तारको चर्को आलोचना भैरहेको  छ । संविधानमै २५ जना बढी मन्त्री हुननहुने प्रावधान भएको भएपनि एमाले कमाण्डमा चल्ने र प्रधानमन्त्रीनै निमित्त नायक भएको मन्त्रीमण्डलमा फरकफरक राजनीतिक विचार र दर्शनका चार उपप्रधानमन्त्री छन् । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल एमालेका हुन, उनी मार्क्सवाद लेनिनवादका अनुयायी हुन् । माओवादीका नारायणकाजी श्रेष्ठ उपप्रधान तथा भौतिक पूर्वाधार एंव यातायात मन्त्री छन् । माओवादी भित्र माओवाद हो वा विचारधारामात्र हो भन्ने शास्त्रिय बहसमा विचारधारामात्र हो भन्ने मध्येका हुन उनी ।

उपप्रधान तथा गृहमन्त्रीको जिम्मेवारीमा रहेका रवीको  खास वाद कुन हो ? एकिन छैन। स्वतन्त्र पार्टीका संस्थापक अध्यक्ष रवीको नागरिकता विवाद अदालतमा विचाराधिन छ । गृहमन्त्रालय नागरिकता छानविन गर्ने अख्तियारवाला हो । तर, रवी सोही मन्त्रालय पाउँनुपर्ने अडान सहीत उपप्रधानमन्त्री बनेका छन् । राप्रपा अध्यक्ष राजेन्द्रप्रसाद लिङ्गदेनको राजनीतिक विचारधारा राजतन्त्रात्मक हो । उनी संघीयता विरोधी हुन् । लिङ्गदेन पछिल्लो मन्त्रीपरिषद विस्तारमा उपप्रधान तथा जलश्रोत तथा सिंचाई मन्त्रीको जिम्मेवारी लिएका छन् । राजनीतिक घटनाक्रमबाट स्पष्ट हुँदैछ, प्रधानमन्त्री आफैं निमित्त नायक तथा उनका भरपर्दा सहयोगीहरु चार तर्फ फर्किएका छन् । कुन राजनीतिक धरातलमा उभिएर पुष्पकमल नेतृत्वको सरकारले काम गर्ला प्रतिक्षाकै विषय बनेको छ यतिखेर ।

पछिल्लो मन्त्रिपरिषद विस्तारमा दलितलाई राज्यमन्त्रीमा सीमित गरिएको भन्दै आलोचना भैरहेको छ। समावेशीताको सिद्धान्त, मान्यता र दलितहरुको एकिकृत जनसंख्यालाई समेत वेवास्ता गरिएको जिकिर भैरहेको छ।

सबै भन्दा महत्वपूर्ण, जानाजान स्वार्थ वाभिँफनेगरी पदीय जिम्मेवारीहरु तोक्ने काम भएका छन्। राप्रपा उपाध्यक्ष विक्रम पाण्डेलाई शहरी विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ। पाण्डे कालिका कन्स्ट्रक्सन कम्पनीका मालिक हुन्। अर्थात ठेकेदार हुन् । ए क्लासका ठेकेदार पाण्डेसँग सम्बन्धित सर्वोच्च अदालतको भवन निर्माणको विवाद छदैं छ भने काम बैलैमा सम्पन्न नगर्ने ठेकेदारहरुको सूचिमा कालिका पनि आउँछ। मन्त्री पद भनेको नीति निर्देशन दिने निकाय हो। त्यसको टाउकोमै ठेकेदार जिम्मेवार भएर बस्छन् भने उनबाट कसरी सुशासन अपेक्षा गर्ने ? स्वार्थ वाँभिने गरी जिम्मेवारी लिनुदिनु दुबै असल शासन विरुद्धका कदम हुन्। राजनीतिमा नयाँ शिराबाट उदाएको राप्रपा पनि पुरानै पदचिन्हमा अघि बढ्न खोजेको देखिन्छ, चुनावी प्रतिवद्धताहरु थाती राख्दैं ।

त्यसोत स्वार्स्थ बाँभिने प्रश्नहरुलाई गौंण मान्दै गृहमन्त्रीमा पदासिन रवीले आफ्नो दलबाट श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनाएका डोलप्रसाद अर्याल 'सृष्टि ओभरसिज इम्प्लोयमेन्ट सर्भिसेज' का अन्तर्राष्ट्रिय बजार निर्देशक हुन्। के भनिदैंछ भने अर्यालले मन्त्रीको शपथ लिँदासम्म कम्पनीको बेवसाइटमा उनको फोटो र नाम थियो । तर प्रश्न उठेलगत्तै बेवसाइट नै डाउन गरिएको छ । म्यानपावर एजेन्सीहरुको राम्रो नाम छैन। सोझासाझा जनताबाट पैसा लुट्ने संस्थाको रुपमा दरिएका एजेन्सीहरु नियमन गर्नुपर्ने कुर्सीमा डोलप्रसाद विराजमान भएका छन्। स्वार्थ बाँभिनेगरी जिम्मेवार लिनुदिनु दुबै एक किसिमका भष्ट्र आचरण हुन्।

सरकारमा एकातिर स्वार्थ बाँभिनेगरी विवादास्पपद नियुक्ति गरिएको छ भने अर्को तर्फ राजनीतिक रुपमा मधेशवादी दलहरुलाई बेइमानी गरेको आरोप पनि लाग्न थालेको छ । सत्ताका आकाक्षी र प्रधानमन्त्री पुष्पकमलाई उदारतापूर्वक विश्वासको मत दिएका मधेशवादी दलहरु जनता समाजवादी, लोकतान्त्रिक समाजवादी तथा जनमत तीनवटै पार्टीलाई बेवास्ता गरेको दलका नेताहरुको बुझाई छ । सरकार गठन प्रक्रियामा प्रारम्मदेखी सहयोग गर्दे आएको जसपा र विश्वासको मत दिएर मन्त्री पदको प्रतिक्षामा रहेका दुबै दल सरकार बाहिर परेका छन्। भागबण्डामा जसपालाई सम्मान जनक ठाउँ नदिएको कारण सरकारमा सहभागी नभएको जसपा अध्यक्ष उपेन्द्र यादवले प्रतिक्रिया दिएका छन् । लोसपा पनि सरकारमा सहभागी हुने तयारी अवस्थामा थियो तर सत्ता साझेदार प्रमुख दलले कुनै सोधखोजनै नगरेको नेताहरुको भनाई छ। सीके राउत नेतृत्वको जनमत पार्टी सुरु देखिनै सरकारमा सहभागी रहेको भएपनि जनमत पनि नराम्ररी ठगिएको प्रतिक्रिया दिदैंछ।  जनमतले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पाउँनुपर्ने माग थियो र सहमति पनि बनेको थियो भनिन्छ। तर,  खानेपानी मन्त्रालय दिएपछि मन्त्रालयमा चित्त नबुझेर अब्दुल खानले सपथ लिन स्वीकार गरेनन् । जबकि जनमत पार्टीले खान उद्योग मन्त्री रहेको भनी प्रचार समेत गरेको थियो ।

विश्वासको मत लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल ' खोलो तर्यो लौंरो विर्सियो' उखानको चरितार्थ गरिरहेका त छैनन् प्रश्नहरु उपस्थित भएका छन् । मन्त्रिपरिषद भनेको मुलुकको अभिभावक हो र यसका नेता प्रधानमन्त्री हुन् । फूटबलको  टिममा जस्तै प्रधानमन्त्री क्याप्टेन हुन र मन्त्रीहरु खेलाडी । मन्त्रिपरिषदमा कसकसलाई राख्ने कसलाई कुन जिम्मेवारी दिने टिम नेताले चयन गर्नुपर्ने हो। तर, के देखिदैं छ भने सरकारमा सहभागि दलहरु जानाजान स्वार्स्थ बाँभिनेगरी जिम्मेवारी माग्न पछिपरेका छैनन् र निमित्त प्रधानमन्त्री त्यस्ता स्वार्स्थी माग स्वीकार गर्न वाध्य छन् ।

संसदको गणितमा बलिया प्रधानमन्त्री दाहाल खासमा निरिह देखिदैंछन् । उनको आडभरोसाका सहयोगी दलहरु प्रभावशाली भएर प्रस्तुत भएका छन् र ती दलका स्वार्थीहरु आआफ्नो हित साध्न सफल भएका छन् ।

## मधेस आन्दोलनको १६ वर्ष

# हात्ती आयो हात्ती आयो फुस्सा

## मधेसमा वृहत गोलमेच सम्मेलनको आवश्यकता

*सरकारले आन्दोलन भड्कियोस र माओवादीलाई तहलगाउन मधेस आन्दोलन ठीक छ भनेर यसलाई भड्किन दियो । जसको फलस्वरुप गौरमा अमानवीय र हृदयविदारक घटना  भयो । मधेसी जनअधिकार फोरम र माओवादी आमनेसामने त भए तर सिडियो सेनाको शरणमा गएर ओत लागेर बसे । शान्ति सुरक्षाको लागि पहिले देखि अपनाउनु पर्ने सावधानीहरु प्रशासनले अपनाएन ।*



**– डा. विजयप्रसाद मिश्र**

मधेस आन्दोलनमा सहभागी भएर अहिलेसम्म कुनै राजनीतिक पद नलिएकाहरु लाखौं छन् । ती भूइँमान्छेहरु जसले आत्मसम्मान र सत्तामा भागबण्डाकालागि मधेस आन्दोलनलाई मन बचन र कर्मले साथ सहयोग दिएका थिए,उनीहरुमध्ये धेरैले हिजोआज भन्ने गरेका छन्, **'हात्ती आयो हात्ती आयो फुस्सा'** ।

### मधेश आन्दालनको इपिसेन्टर : लहान

२०६३ माघ ५ गते लहानमा स्कूले विद्यार्थी रमेश महतोको स्थानीय माओवादी कार्यकर्ता सियाराम ठाकुरले चलाएको पेस्तोलको गोली लागि हत्या भएपछि मधेस आन्दोलनले मधेसभरी फैलिने अवसर पाएको थियो। झापादेखि माओवादी नेता राम कार्कीको नेतृत्वमा दुईवटा मिनिबस र एउटा जीपमा चितवनमा रहेको माओवादी कार्यक्रममा सहभागी हुन आएका थिए । उक्तटोलीसँग माघ ५ गते लहानको राजमार्गमा चक्काजाम गरेर बसिरहेका मधेसी जनअधिकार फोरमका नेता,कार्यकर्ताहरुसंग भनाभनहुँदा सियाराामले गोली चलाए, दर्शकका रुपमा रहेका विद्यार्थी रमेश महतोको गोली लागि मृत्यु भएको थियो ।

अन्तरिम संविधान २०६३ जारी भएकै दिनबाट काठमाडौंमा संविधान जलाएर विरोध गरेका मधेसी जनअधिकार फोरमका नेता, कार्यकर्ता र समर्थकहरुलाई प्रहरीले पक्राऊ गरी सार्वजनिक मुद्दालगाएर हिरासतमा राखेपछि उनीहरुको रिहाईको माग गर्दै मधेसभरी माघ २ गतेबाट आन्दोलन शुरु भएको थियो । मधेसीजनअधिकार फोरमले माघ ५ गते आह्वान गरेको चक्काजाम कार्यक्रमलाई अवज्ञा गर्दै प्रहरीको सहयोगमा झापा, मोरङ, सुनसरी र सप्तरी जिल्लापार गरिसकेका रामकार्कीको टोली दिउँसो ३ बजेतिर लहानपुगेको थियो ।

लहानको महेन्द्र चौकको पश्चिम बस स्ट्याण्डमा ५ बजेसम्म चक्काजाम गर्न मधेसी जनअधिकार फोरमका तत्कालिन केन्द्रिय सदस्य कृष्णबहादुर यादवको नेतृत्वमा १५ देखि २० जनाको टोली बसेको थियो । उक्तटोलीले माओवादीका नेताकार्यकर्ताहरुलाई ५ बजेसम्म कुर्नुस त्यसपछि हामी जानदिन्छौं भन्दै थिए । तर, माओवादीले एक घण्टाकुर्न पनि आवश्यक ठानेन । आन्दोलनकारी थोरै संख्यामा देखेर दुईबटा मिनिबसमा आएका माओवादीहरुले स्थानीय माओवादीको आडभरोस पाएर पेलेर अघि बढ्न खोजे । त्यत्तिकैमा अपशब्द प्रयोग गर्ने र धकलाधकली शुरु भयो ।

चितवनको कार्यक्रममा गईरहेका माओवादी नेता कार्यकर्ताहरुलाई मधेसी जनअधिकार फोरमका कार्यकर्ताले रोकेको सूचना पाएपछि लहानका माओवादी कार्यकर्ता सियारामठाकुर घटना स्थलपुगेका थिए । उनले आफ्नो साथीले बोकेको पेस्तोल मागेर हवाई फायर गरेपछि वरपर दर्शक बनेर बसेकाहरु समेत आक्रोशित भए । सियाराम पेस्तोल लिएर दगुर्दै मिनिवसमा चढे । उनीसंग उनको हातबाट पेस्तोल खोस्न स्थानीय मधेसी जनअधिकार फोरमका कार्यकर्ता गाडीभित्रै गए । गाडीभित्र पेस्तोल खोसाखोस हुँदा ठाकुरले पेस्तोल आफ्नो कब्जामा पारेर केही पर उभिरहेका कृष्णबहादुर यादवलाई  गोली चलाएका थिए । संयोगले गाडीभित्र भएको झगडा हेर्नका लागि भर्खर विद्यालय विदा भएर बाहिर निस्किएका विद्यार्थी रमेश महतोले उफ्रिएर बसको झ्यालमा हेर्ने प्रयास गरेका थिए । महतो उफ्रिनु र गोलीचल्नु एकै साथ भएकाले ठाकुरले हानेको गोली कृष्णबहादुर यादवलाई नलागी रमेश महतोलाई लागेको थियो । महतो तत्काल ढले ।नजिकै दर्शक भएर हेरिरहेका स्थानीय विद्यार्थी नेताहरु गाडीभित्र पसेर गोली हान्ने ठाकुरलाई गाडीबाट ओरालेर लछारपछार पार्दै नजिकैको प्रहरी थाना तर्फ लान थाले ।

कसैले गोली लागेको रमेश महतोलाई उठाएर अस्पतालतर्फ लगे । यत्तिकैमा रामकार्की चढेको जीप घटना स्थलबाट भागेर उदयपुर तर्फ गयो । माओवादी चढेका दुई वटा मिनिबसमा स्थानीय आक्रोशित भीडले आगो लगाए । प्रहरीले कुनै प्रतिक्रिया नजनाएकोले आक्रोशित भीडले लहानमा विहानदेखि रोखि रहेका काठमाडौं, पोखरा, बीरगंज र पश्चिमतर्फ हिडेका गाडीहरुमा एक पछिअर्को गर्दै आगो लगाए । एक्कैछिनमा लहान चौक रणभूमिमा परिणत भयो ।

रमेश महतोको मृत्यु भएपछि उनको लाश लिएर नगर परिक्रमा गर्ने र राती लहानको हाइवे मै राखेर आन्दोलनकारीले धर्ना दिए । माओवादी नेता मातृका प्रसाद यादवले राती दुईवटा ट्रकमा माओवादी लडाकू ल्याएर लाश लुटेर लगे र रमेश महतोको आफन्तको रोहवरमा सिरहाको पश्चिम भेगमा पर्ने माओवादी एरियामा लगेर सद्गद गरे ।

माओवादीको ज्यादतीले सिंगो सिरहा आन्दोलितभयो । यो घटना मिडियामा सार्वजनिक भएपछि मधेस भर आन्दोलनले कहाली लाग्दो स्थिति लियो । लहानमा भोलिपल्ट विहानदेखि नै सबै सरकारी कार्यालयहरु जलाउन थालियो । लहान मै भइरहेको आन्दोलनले प्रहरी कार्यालयमा धावाबोल्न खोज्दा प्रहरीको गोली लागेर थप ४ जना आन्दोलनकारीहरुको मृत्यु भयो । त्यसैले मधेस आन्दोलनको इपिसेन्टर लहानलाई मान्ने गरिएको छ ।

लहानमा मात्र होइन मधेस आन्दोलनले विराटनगरदेखि बीरगंजसम्मका धेरै शहरहरुमा आन्दोलन बढ्दै गयो । सरकार र मधेसी जनअधिकार फोरमबीच भएको संझौताबाट मधेस आन्दोलन त रुक्यो तर त्यसपछि पनि दोस्रो, तेस्रो, चौथो पटक मधेस आन्दोलनहरु भइरहेका छन् । फेरी पनि मधेसमा मधेसीहरुको आत्मसम्मान र सत्तामा सहभागिताकालागि आन्दोलनहरु हुनसक्दछन् । तर अहिलेसम्म भएको आन्दोलनले मधेसले के पायो ? के गुमायो ?यसबारेमा गहन विश्लेषण गर्नेहरुको अभाव रहेकोले कोही मधेसले केही पाएनन्, हात्तीआयो हात्तीआयो फुस्सा पनि भन्दैछन् । कोही मधेसका नेताहरुले त पाउनुसम्म पाए । तर नागरिक पनि जहिको त्यहीँ छन् भनिरहेका छन् । मधेस आन्दोलन पछि भएको संविधानसभामा मधेसीहरुको उपस्थिति उल्लेख्य थियो । कुनै मन्त्रि परिषदमामधेसीहरुकै बाहुल्यता रहेको समेत देखियो। तर आपसीगुटबन्दीले गर्दा मधेस केन्द्रितपार्टीहरु फुट्ने र जुट्ने कामबारम्बार भइराखेको छ । पटकपटक सरकारमापुग्नेहरुले समेत केही गर्न नसकेको र आफूलाई सत्तामापुग्नभने खस आर्य राज्यसत्ताले नदिएको आरोप अहिले पनिलगाउने गरेको पाइन्छ ।

मधेसको राजनीतिबाट सांसद, मन्त्री, उपप्रधानमन्त्रीभएकाहरु वाअन्य राजनीतिकनियुक्ति पाएकाहरुबाटमधेसी जनताले चाहे अनुसारको कामगरियो त भनेर आम मधेसमूलकानागरिकहरुलाईसोध्नुभयोभने मधेस सरकार त पाइयो तर यसले जनतामाआशापलाउननसकेको भन्ने गर्दछन् । समानुपातिक, समावेशीको आधारमा सबै क्षेत्रमा उपस्थित हुने आरक्षणको व्यवस्था संविधान, ऐन,कानूनले गरे पनि मधेसी भित्रका पहुँचवालले मात्र त्यो अवसरहरु पाइरहेको गुनासो सबैको छ। अहिले पनि मधेसी दलितहरु नागरिकता, शिक्षा, स्वास्थ्य, रोजगारीको समस्या लिएर भौतारिरहेका छन् । विभिन्न कानूनहरु बनेका छन् । संविधान मै अधिकारका कुराहरु छन् । तर व्यवहारमा जीरो भन्ने आक्रोश मधेसी नागरिकहरुको छ ।

मधेस आन्दोलनले धेरै पहाडी समुदाय विस्तापित भएको सन्दर्भलाई संझना गर्दै मधेसी अगुवाहरु नै अहिले पछुताएका देखिन्छन् । मधेस आन्दोलनले मधेसी र पहाडीबीच ठूलो खाड्ल खनेको थियो । विस्तारै त्यसमा मलम लगाउने काम मधेसी अगुवाहरुले गरिरहनु भएको छ । अहिले त्यसवेला जस्तो त छैन । तर राजविराज, जनकपुर, बीरगंजबाट विस्थाापित भएर उदयपुर, विराटनगर, हेटौडा, चितवन, काठमाडौं बसाई सरेकाहरुसंग कुरा गर्दा त्यसवेलाको दारुणिक कथाहरु अझै सार्वजनिक नभएको अनुभुति हुन्छ ।

आखिर त्यत्रो ताण्डव मच्चाएर के भयो त ?उनीहरुको प्रश्नको उत्तर दिने हिम्मत धेरैले गर्न सकिरहेका छैनन् । सरकारले आन्दोलन भड्कियोस र माओवादीलाई तह लगाउन मधेस आन्दोलन ठीक छ भनेर यसलाई भड्किन दियो । जसको फलस्वरुप गौरमा अमानवीय र हृदयविदारक घटना  भयो । मधेसी जनअधिकार फोरम र माओवादी आमने सामने त भए तर सिडियो सेनाको शरणमा गएर ओत लागेर बसे । शान्ति सुरक्षाको लागि पहिले देखि अपनाउनु पर्ने सावधानीहरु प्रशासनले अपनाएन ।

> “ मधेसले चाहेको बामपन्थ होइन । मधेस बामपन्थ सत्ताको सहयोगी हुनुभन्दा लोकतान्त्रिक शासन प्रणाली स्वीकार गर्नेको सहयात्री हुनुपर्दछ । मधेस आन्दोलनले पाएको म्याण्डेड पनि विस्तारै मधेसीहरुको हातबाट खोसिदै जानुको मुख्य कारण मधेसीले चुनेका पुराना नेताहरुको पैसामूखी रवैया हो भने अर्को महत्वपूर्ण कारणमा बामपन्थसँगको सहकार्य पनि हो । मधेस आन्दोलनले मधेसमा भ्रष्टचार रोक्न सकेन । नातावाद कृपावाद र जातीयताको लिप्सालाई छोड्न सकेन । गुटबन्दी र अहमपनाले जरो गाड्यो । जसले गर्दा उपेन्द्र यादवलाई हराउँदै मिष्टर मधेस भएर आए सिके राउत ।

त्यसवेला माओवादी कार्यकर्ताहरुलाई अमानवीय ढंगले मारियो । त्यो मुद्दा अहिले पनि छिनोफानो भएको छैन । अहिलेका गृहमन्त्री रबी लामिछानेले चाँसो लिएर पुराना पेण्डिङ भएका मुद्दाहरुलाई किनारा लगाउने प्रक्रियामा ल्याए भने उपेन्द्र यादव लगायतका धेरै मधेस केन्द्रीत नेताहरु त्यस मुद्दामा आरोपित हुन सक्दछन् । तर नेपालको कानून दैवले जानुन भने जस्तै गृहमन्त्री रबीलामिछाने पनि हर्दा बोल्छन् कि भन्ने आशंका छ ।

गृहमन्त्री आफै माथि अमेरिकी नागरिक हुँदा नेपालको नागरिकता स्वतः रद्ध हुने र फेरी नेपालको नागरिक हुनकालागि निवेद नदिनुपर्ने प्रावधानका कारण सर्वोच्चमा मुद्दा खेपि रहेका छन् । यस्तो अवस्थामा मधेस आन्दोलन पछि माओवादीले आफ्नो कार्यकर्ताहरु सही रुपमा व्यवस्थापन गर्न नसक्दा उब्जिएको मधेसको सशस्त्र आन्दोलनमा लागेका धेरै योद्धा र नेताहरुको मुद्दा अहिले विचाराधिन छ । धेरैले सरकारसंग बार्ता गरेर हतियार विसाएर विभिन्न पार्टीमा प्रवेश गरेका वा आफ्नै पार्टी खोलेको अवस्था छ । कोही जागिरे भएका, कोही उद्यमी भएका छन्। तर उनीहरुमाथि लागेको मुद्दा र बन्दीजीवन विताई रहेकाहरुको मुद्दाको कुनै सुनवाई भएको छैन। मधेस आन्दोलनको रापतापले उब्जिएका धेरै काण्डहरुको मुद्दा अहिले पनि विचाराधिन नै छन् ।

जुनसुकै नयाँ सरकार आउँदा मधेसको समस्याकाबारेमा बाहिर मधेसी जनताले सुन्नेगरी मीठमीठा कुरा गरे पनि गोप्य बार्तामा मधेसहरुलाई अझै पनि सम्मान गर्ने परम्पराको धालनी भएको देखिदैन । यसको मार आम नागरिकहरुले भोगि रहनु परेको छ। माघ ३ गते प्रधानमन्त्री पुष्पकमल दहालले विस्तार गरेको मन्त्रीमण्डलको जातिय समिकरण हेर्दा होस या जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पछिल्लो समय आफूले उच्चस्तरीय राजनीतिक संयन्त्रमा आफ्नो कुरा राख्ने मौका समेत नपाएको भन्नुलाई मधेसीहरु अहिले पनि सत्तामा पुग्न नसकेका हुन भन्नसकिन्छ। पछिल्लो समय मधेसमा उदायको जनमत पार्टीका एकजना मन्त्रीलाई समेत भनेको मन्त्रालय नदिएर माछामाछा भ्यागुतो बनाइदिएको देख्दा फेरी मधेस केन्द्रित दलकारुपमा चिनिएका जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी लगायत मधेसमा स्वतन्त्र निर्वाचन जितेका सांसदहरु एक स्थानमा उभिएर १६ वर्ष अघिको जस्तै एक पटक वा अन्तिम पटक मधेसका बाँकी मागहरु पुरा गराउनकालागि आन्दोलनमा जानुपर्दछ कि भन्ने बहस चलाउनु आवश्यक देखिएको छ ।

मधेसीहरु फुट्दा नै संघीय सरकारले चलखेल गर्ने अवसर पाउने गरेको छ। अहिले पनि मधेसबाट जिल्लाको अवधारणा हटाउने, स्थानीय सरकार र प्रदेश सरकारलाई अझ स्वायत्त र स्वतन्त्र बनाउन मधेसीको हकहीतमा लाग्ने राजनीतिक पार्टी, मानव अधिकारकर्मी, मधेसका लागि काम गरिरहेको संघसंस्था, नागरिक समाज, बौद्धिक बर्ग, पेसा कर्मी, किसान, मजदुर, व्यवापारी, शिक्षक, विद्यार्थीहरुले समग्रमा स्वराजकालागि एउटा बृहत गोलमेच सम्मेलन गर्नुपर्ने देखिएको छ ।

हैन भने दासताको जंजिर स्वीकार गर्ने मधेसले पठाएका धेरै सांसदहरु पटक पटक मन्त्री भएपनि सिन्को नभाँचेको देख्दा मधेसको मसिहाकै

*- बाँकी पृष्ठ ६ मा*

# चलचित्रकर्मीको कोषमा गायिका झाको सहयोग




काठमाडौँ, ४ माघ
नेपाली चलचित्रकर्मीको निमित्त स्थापित 'चलचित्रकर्मी कल्याण कोष'मा गायिका दीपानारायण झाले सहयोग गरेकी छन । साङ्गीतिक कार्यक्रमको क्रममा नेपाल आइपुग्नुभएकी झाले आफूसँगै श्रीमान् गायक उदितनारायण झासहितको सहयोग भन्दै कोषमा रु पाँच लाख एक सय ११ सहयोग गरेकी हुन ।

गीत-सङ्गीतमार्फत म र मेरा श्रीमान्ले धेरै माया र साथ पाएका छौँ । नेपाली चलचित्रकर्मीको हितमा स्थापना गरिएको कोषमा केही सहयोग गर्न पाउँदा खुसी लागेको छ, गायिका झाले भने "नेपाली गीतमार्फत मैले गायन जीवनमा पाएको उपलब्धि म कहिले भुल्न सक्दिनँ ।"

यस्तै अभिनेता तथा निर्माता दीपकराज गिरी र अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले जनही रु एक लाख एक सय ११, अभिनेत्री स्वस्तिमा खड्का र कलाकार तथा निर्माता निर्मल शर्माले जनही रु ५१ हजार एक सय ११ र चलचित्रकर्मी महिला सशक्तीकरण समितिका संयोजक गीता नेपालले रु ११ हजार एक सय ११ कोषमा सहयोग प्रदान गरेका छन ।

कोषका संयोजक वसुन्धरा भुसालले सहयोगीलाई धन्यवाद दिए । "यो कोष स्थापना चलचित्रकर्मीकै लागि गरिएको हो ।

कोषमा रु पाँच करोड जम्मा भइसकेको छ । हाम्रो लक्ष्य रु १० करोडको छ", उनले भने । नेपाली चलचित्र क्षेत्रमा निरन्तररूपमा कार्यरत चलचित्रकर्मी गम्भीर बिरामी भएको अवस्था, दुर्घटनामा परी उपचाररत अवस्था, आर्थिकरूपले विपन्न एवं असहाय भएको अवस्थामा सहयोग गर्ने उद्देश्यले २२ वर्षअघि कोष स्थापना गरिएको हो । चाबहिलस्थित चलचित्र विकास बोर्डमा एक कार्यक्रमको आयोजना गरी सहयोग रकम प्रदान गर्नेलाई कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा बोर्ड अध्यक्ष भुवन केसीसँगै पूर्वअध्यक्ष शम्भुजीत बाँस्कोटा, कृष्ण मल्ल र राजकुमार राई, नेपाल चलचित्र कलाकार सङ्घका अध्यक्ष रवीन्द्र खड्का र उपाध्यक्ष मोहन निरौला, नेपाल चलचित्र प्राविधिक सङ्घका अध्यक्ष पुष्कर लामा, बोर्डका सदस्यद्वय राज कटुवाल र प्रकाश भट्टराई, फिल्म निर्देशक माधवराज खरेललगायत उपस्थित थिए ।रासस

# पर्वतका सामुदायिक क्याम्पस आर्थिक समस्यामा

पर्वत, ४ माघ
एउटा पनि आङ्गिक क्याम्पस नभएको पर्वतमा १३ सामुदायिक क्याम्पस सञ्चालनमा छन् । जिल्लाका सातवटै पालिकामा सञ्चालित ती क्याम्पस लामो समयदेखि आर्थिक सङ्कटमा छन् । नियमित आम्दानीको स्रोत नहुनु, विद्यार्थी संख्या न्यून हुनु, शिक्षक तथा कर्मचारीको सेवा शुल्क बढ्दै जानुजस्ता कारणले क्याम्पस धरासायी बन्दै गएका हुन् ।

फलेबास नगरपालिका-६ देवीस्थानस्थित जिल्लाकै पुरानो पर्वत बहुमुखी क्याम्पस यतिबेला करिब रु डेढ करोड ऋणको भारी बोकेर जीर्ण संरचनासहित सञ्चालनमा छ । विसं २०४१ मा स्थापना भएको उक्त क्याम्पस सञ्चालन गर्न स्थानीय अगुवाले जति सङ्घर्ष गरे त्यसपछिका दिनमा समेत उक्त क्याम्पसको आर्थिक तथा पूर्वाधारको अवस्थामा सुधार हुन नसक्दा समस्या भएको हो ।




सदरमुकाम कुश्माबजारमा रहेको गुप्तेश्वर बहुमुखी क्याम्पसको अवस्था पनि उस्तै छ । विसं २०४८ मा स्थापना भएको सो क्याम्पसलाई अहिलेसम्म त्रिभुवन विश्वविद्यालयले आङ्गिक क्याम्पसको अनुमति दिएको छैन । विश्वविद्यालय अनुदान कार्यक्रममार्फत बर्सेनि रु १३ लाख हाराहारी आउने रकमले दुई प्राध्यापकलाई पारिश्रमिक दिन मुस्किल भएको छ । पूर्णकालीन र आंशिक गरी २७ प्राध्यापक, कर्मचारी पाल्न धौधौ भइरहेको क्याम्पस सञ्चालक समितिका अध्यक्ष वसन्तकुमार कर्माचार्यले बताए ।

ग्रामीण क्षेत्रमा सञ्चालित शङ्करपोखरी क्याम्पस, त्रिभुवन बहुमुखी क्याम्पस, बहाकी क्याम्पस, जनता सुदर्शन, अन्नपूर्ण, नवजागृत, महाशिला बहुमुखी क्याम्पसलगायतमा अपेक्षित सङ्ख्यामा विद्यार्थी नहुँदा आर्थिक सङ्कट बढ्दै गएको हो । सबैजसो क्याम्पसले विज्ञानबाहेक शिक्षा, मानविकी र व्यवस्थापन विषयमा पठनपाठन गराउँदै आएका छन् । कुश्माको गुप्तेश्वरबाहेकका क्याम्पसमा स्नातक तहको मात्रै पढाइ हुन्छ । गुप्तेश्वरले गत वर्षदेखि व्यवस्थापन सङ्कायमा स्नातकोत्तरको पढाइ सुरु गरेको छ । शिक्षा, व्यवस्थापन र मानविकी सङ्कायमा ग्रामीण क्षेत्रमा अध्ययन गर्नेमा अधिकांश गृहिणी, छोरीबुहारीमात्रै छन् । युवा कक्षा १२ पढेपछि विदेश जाने चलन बढेपछि गाउँमा अधिकांश छोरी-बुहारीले मात्र पढ्दै आएको शङ्करपोखरी बहुमुखी क्याम्पसका प्रमुख गोविन्दप्रसाद शर्माले बताए । सदरमुकामकै क्याम्पसमा पनि छात्रा विद्यार्थीको बाहुल्य छ ।"सबैजसो सङ्कायमा ८० प्रतिशत छात्रा र २० प्रतिशत छात्र छन्, स्नातकदेखि माथि अध्ययन गर्ने छात्र निकै कम छन् । जिल्लाभरका क्याम्पसको परीक्षा सञ्चालन हुने गुप्तेश्वर क्याम्पसमा उपस्थित परीक्षार्थीमध्ये १० देखि १५ प्रतिशत मात्रै छात्र उपस्थिति हुने गरेका गुप्तेश्वर क्याम्पसका प्रमुख सुभास पन्तले बताए ।

न्यून विद्यार्थी संख्या, जीर्ण पूर्वाधार, अर्थाभावलगायत कारणले सामुदायिक क्याम्पसको अवस्था दयनीय छ । न्यूनतम पारिश्रमिकमा अध्यापन गराउनुपर्ने बाध्यता र त्यसमाथि पनि अर्थाभावका कारण प्राध्यापकले समयमा पारिश्रमिक पाउनसमेत मुस्किल छ । फलेवास नगरपालिकाले विगत तीन वर्षदेखि नै पालिकाभित्रका क्याम्पसलाई आर्थिक सहयोग गर्दै आएको छ । फलेवासले पर्वत क्याम्पसलाई दुई प्राध्यापकको पूर्णकालीन तथा शङ्करपोखरी र अन्नपूर्ण क्याम्पसलाई एक-एक प्राध्यापकको पारिश्रमिक बराबरको अनुदान दिँदै आएको नगरप्रमुख गङ्गाधर तिवारीले बताए ।

कुश्मा नगरभित्रका क्याम्पसले पनि अनुदान माग गरेका छन् । गुप्तेश्वर क्याम्पस सञ्चालक समितिका अध्यक्ष वसन्तकुमार कर्माचार्यले स्नातकोत्तर तहको पढाइ हुने क्याम्पसका प्राध्यापकलाई समयमा पारिश्रमिक भुक्तानी गर्न नसक्दा हिनतावोध हुने गरेको बताए । सञ्चालक समितिले कुश्मा नगरपालिकालाई आर्थिक सहायताका लागि पटक-पटक माग गरे पनि नगरपालिकाले स्थानीय सामुदायिक क्याम्पसको शैक्षिक विकासका लागि ध्यान नदिएको उनको गुनासो छ ।

कुश्मा नगरप्रमुख रामचन्द्र जोशीले स्थानीय सरकारको क्षेत्राधिकारभित्र नपर्ने भएकाले क्याम्पसलाई सहयोग गर्न समस्या भएको बताए । कार्यपालिकामा निर्णय गरेर सहयोग गर्नलाई भने कानुनी उल्झन नहुने उनको भनाइ छ । ग्रामीण क्षेत्रका क्याम्पसमा बढीमा एक सयदेखि डेढ सयसम्म विद्यार्थी पढ्छन् । आम्दानीको मुख्य स्रोत विद्यार्थी नै हुन् । विद्यार्थीबाट एउटा क्याम्पसले बर्सेनि रु १२ लाखदेखि रु २० लाख हाराहारीमा रकम सङ्कलन हुने गरेको बताइएको छ । रासस

# 'कालीगण्डकीलाई आफ्नै गतिमा बग्न दिऔँ'

रामपुर , ४ माघ
कालीगण्डकी नदी ऐतिहासिक धार्मिक तथा पौराणिक एवं पर्यटकीय सभ्यता बोकेको नदी हो । दामोदर कुण्डबाट बहेकी कालीगण्डकी नदीको महत्व र पर्यटन विकासका विषयमा बेला-बेलामा बहस हुने गरेका छन् ।

नेपालमा कालीगण्डकीको सभ्यता निकै पुरानो मानिन्छ । धार्मिक महत्व बोकेकाले पनि नदीको पानीलाई जोडेर विकासका नाममा एकपक्षीय खेलवाड गर्न नहुने सरोकारवालाको तर्क छ । पाल्पाको राम्दीमा नदी डाइभर्सन र नवलपुरको बुलिङ्टार गाउँपालिकाको खाल्डेमा करिब पाँच सय वाट क्षमताको विद्युत् निकाल्ने योजनाको विरुद्ध प्रभावित क्षेत्रका स्थानीय तथा सरोकारवाला, राजनीतिक दल, सांसद, समाजसेवी, बुद्धिजीवीले त्यसको विरोधमा ऐक्यबद्धता जनाउँदै सो योजना अगाडि बढ्न नदिनेमा जोड दिइएको छ ।

नदीको माथिल्लो भाग (राम्दी क्षेत्र)मा डाइभर्सन गर्ने योजना र तलको भाग (खाल्डे) मा विद्युत् प्राधिकरणले हाईड्याम बनाएर विद्युत् उत्पादन गर्ने कार्यक्रम ल्याएकामा यसले सो ठाउँको आसपास तथा मध्यभागमा बसोबास गर्ने स्थानीयवासीलाई नराम्रो असर पार्ने भएकाले नदीलाई आफ्नै गतिमा बहन दिनुपर्नेमा चासो र चिन्ता व्यक्त गरिएको छ ।

कालीगण्डकी नदीको आफ्नै धार्मिक महत्व र विशेषता रहेता पनि यस नदी डाइभर्सनका प्रक्रियाले प्रभावित क्षेत्रका बासिन्दामा सधैँ पिरोल्ने गरिरहेको हुन्छ । लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको सीमा भएर बहेको कालीगण्डकी नदीको पर्यावरण, धार्मिक अस्तित्व, यसको पर्यटन विकास, सभ्यता जोगाउन सरोकारवालाले माग गरिरहेका छन् । पवित्र धार्मिक ऐतिहासिक तथा पर्यटकीय क्षेत्र केलादीधाममा कालीगण्डकीको संरक्षण र सभ्यता जोगाउँदै पर्यटन प्रवर्द्धनसम्बन्धी लुम्बिनी र गण्डकी प्रदेशका सरोकारवालाबीच भएको बृहत् अन्तर्क्रिया कार्यक्रममा नदीलाई कुनै पनि हालतमा तोडमोड गर्न नहुनेमा जोड दिइएको छ । गण्डकी प्रदेश सरकारका पूर्वआर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले कालीगण्डकी नदीका कारण धेरै धार्मिक तथा सांस्कृतिक धरोहर बनेको बताए । विश्वमा नै छुट्टै पहिचान बनाएको यस नदीको सभ्यता र पर्यावरणलाई जोगाएर संरक्षण गर्नुपर्ने उनले बताएका छन ।

"यसको महत्व अन्य नदीको तुलनामा बेग्लै छ, यो नदी भनेकै प्रकृति हो, यससँग सम्बन्धित नदीका सबै कुरालाई अध्ययन, अनुसन्धान गर्दै यसको महत्वलाई उजागर गर्नुपर्नेछ", उनले भने , "यसको तटीय क्षेत्रमात्र नभई प्रशोधन क्षेत्रका हरेक नागरिक जागरुक हुनु आवश्यक छ, डाइभर्सनको विरुद्धमा लगातार विरोधका कार्यक्रम भइरहेका छन् तर डाइभर्सनको प्रक्रिया रोकिएको छैन ।"

गएको आर्थिक वर्षदेखि नै यसको विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर)को चरण अगाडि बढेको जानकारी गराउदै पूर्वमन्त्री गुरुङले त्यसका लागि केन्द्रीय सरकारले बजेट विनियोजनसमेत गरेको जानकारी गराएका छन । कालीगण्डकी नदीलाई कुनै पनि हालतमा डाइभर्सन हुन नदिने पक्षमा आफू लागिरहेको बताउदै उनले प्रभावित क्षेत्रका प्रत्येक घरका नागरिक यसको विरुद्धमा जागरुक भएर लाग्नुपर्ने बताए ।

लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठले कालीगण्डकी नदी डाइभर्सनको पक्षमा प्रभावित क्षेत्रमा कोही पनि नरहेको उल्लेख गर्दै कालीगण्डकी करिडोर र शालिग्राम करिडोर यस नदीसँग जोडिएकाले कालीगण्डकीबैँसीका क्षेत्रलाई समेटेर एउटा रिङरोड बनाइनुपर्ने बताए ।

उनी भन्छन , "यस नदीलाई जोगाउन राम्दीबाट देवघाटसम्म जल यातायात सञ्चालन गर्ने, राम्दीबाट देवघाट क्षेत्रमा पर्ने प्रभावित क्षेत्रका ११ पालिकाको बृहत् छलफल गरेर योजनाबद्ध तरिकाले अगाडि बढ्नुपर्ने, लुम्बिनी प्रदेश सरकारबाट नदी डाइभर्सन हुन नदिन मेरो पूर्ण साथ र सहयोग रहनेछ ।"

पाल्पाको राम्दीबाट देवघाटसम्म एक ठाउँमा कालीगण्डकी उत्तर दिशातर्फ बगेकाले यसलाई उत्तरवाहिनी नदी पनि भनिन्छ । यो नदीलाई शालग्रामी नदी, कालीनदी र काली आदिजस्ता नामबाट पनि चिन्ने गरिन्छ । यस नदीको जल स्पर्श गरेमा मात्र पनि मानव शरीर पवित्र हुन्छ भने यहाँ स्नान, दान, तप, तर्पण, श्राद्ध आदि जस्ता कार्य गरेमा असंख्य फल प्राप्ति हुन्छ र अन्तमा मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता छ । यस क्षेत्रमा मनाइने विभिन्न पर्व जस्तै वैशाखे सङ्क्रान्ति, जनै पूर्णिमा, श्रावण महिनाको सोमबार, एकादशी तिथि, माघे सङ्क्रान्ति, सूर्यग्रहण तथा चन्द्रग्रहण लागेका समय एवं घरमा जुनसुकै यज्ञ-यज्ञादि गर्दा कालीगण्डकी स्नान गरेर यहाँको जल घरमा लैजाने चलन छ ।

कालीगण्डकी नदीलाई कुनै पनि हालतमा डाइभर्सन गरेर अन्यत्र लैजान दिन नहुने र अहिलेलाई नेपालका तराईका क्षेत्रमा जमिन सिञ्चित गर्ने भनिए पनि पछि भारतमा लैजाने षड्यन्त्र बनाइएको हुनसक्ने भएकाले यहाँको वातावरण नै खलबलिने गरी पानी अन्यत्र लैजान नहुने नेकपा (एमाले) गण्डकी प्रदेशका सचिवालय सदस्य विष्णुभक्त सिग्देल बताउछन । "कालीगण्डकी नदी हाम्रो सभ्यता हो, पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर क्षेत्रका चारै जिल्लाका नागरिक एकीकृत भएर सरकारलाई नदी डाइभर्सन र यसको पर्यावरण खलबल्याउने कार्यविरुद्ध खबरदारी गर्नेछौँ, यस अभियानको नेतृत्व गरेर अगाडि बढ्नेछौँ", उनले भने ।

कालीगण्डकी मानवको जीवनसँग जोडिएको छ । नदीलाई अन्यत्र लैजाने षड्यन्त्रविरुद्धको खबरदारी गर्दै, यस वरिपरिका सिञ्चित नभएका खुला चौर, जमिनलाई प्रविधिको प्रयोग गरी हराभरा गराउने, पर्यटकीय क्षेत्र विकास गर्नुपर्नेमा प्रभावित क्षेत्रका स्थानीयवासीले सुझाव दिएका छन् । विद्युत् उत्पादनका लागि तटबन्ध गराउँदा नदी आसपासका क्षेत्र जलाशय हुने भएकाले यस क्षेत्रमा बसोबासका लागि जोखिम हुने हुँदा बुलिङ्टारको खाल्डेमा पाँच सय वाट क्षमताको विद्युत् उत्पादन कार्य अगाडि बढाउन नहुनेमा स्थानीयवासीले असन्तुष्टि जनाएको बौदीकाली गाउँपालिका नवलपुरका स्थानीय पत्रकार वीरबहादुर बिसी बताउछन । लुम्बिनी र गण्डकी यी दुई प्रदेशबीचको साझा नदी भएकाले एक प्रदेशले अर्को प्रदेशको सहमति र समन्वयबिना नदीलाई तोडमोड गर्ने, जोखिमयुक्त बस्तीको अध्ययन नगरिकन विद्युत् योजना ल्याउँदा स्थानीयवासीमा ठूलो असर पर्ने देखिन्छ । कालीगण्डकी नदीको नाममा व्यक्तिगत स्वार्थ, फाइदा लिने गरी यसमा कसैले राजनीतिक तवरबाट काम गर्न नहुने बौदीकाली गाउँपालिका नवलपुरका अध्यक्ष प्रकाश ओझाले बताए ।

"राज्यले गरेको कालीगण्डकी डाइभर्सन र हाइड्याम्प निर्माणको कुरा यस क्षेत्रका स्थानीयका लागि सान्दर्भिक छैन", उनले भने , "बृहत्तर कालीगण्डकी हितका लागि राम्दीबाट देवघाटसम्म जोडिएका क्षेत्रको संरचना बनाएर सबै नागरिक एक भएर लाग्नुपर्नेछ, कालीगण्डकी बैँसीको सभ्यता, अस्तित्व बोकेको यस नदीका नाममा कसैले खेलवाड गर्न पाइने छैन ।"

कालीगण्डकी डाइभर्सन र विद्युतगृह उत्पादन गर्ने मात्र नभई यसको स्वच्छता, पर्यावरणिय, निर्मलीकरणमा ध्यान दिनुपर्नेछ । ठाउँ-ठाउँमा नदीमा मिसिने खोलानालामा माछा मार्ने निहुँमा विष राख्ने काम भइरहेको छ । यसलाई पनि सचेत नागरिकले रोक्नुपर्ने देखिएको छ । विद्युत् प्राधिकरणले कालीगण्डकी नदीमा ल्याइरहेको विद्युत् उत्पादन कार्यक्रमलाई परिमार्जन गरिनुपर्नेमा सचेत नागरिकले जोड दिएका छन् । एक ठाउँको विकासका लागि अर्को ठाउँमा विनाश गर्ने कार्यले स्थानीय आक्रोशित छन् ।

विभिन्न पौराणिक ग्रन्थहरूमा कालीगण्डकीको महिमाबारेमा गरिएका वर्णन, यसको तटीय इलाका तथा प्रसवण क्षेत्रमा रहेका विभिन्न तीर्थस्थल, ऋृषि महर्षिका आश्रमस्थल, धाम, घाट र मानव बस्तीका कारण यसको सभ्यता वैदिककालसँग जोडिएको मान्न सकिन्छ । कालीगण्डकीको पौराणिक महत्व र यहाँ पाइने शालिग्राम शिलाबाट आकर्षित भई विभिन्न ऋृषिगणले यसको प्रसवण क्षेत्रमा आई योग, तपस्या र साधना गरेका दृष्टान्त भेटिन्छन् । कालीगण्डकीको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक तथा पर्यटकीय दृष्टिले पनि महत्व छ ।

कालीगण्डकी स्वयं राष्ट्रिय गौरवको विषय हो । यसको प्राकृतिक बहाव क्षेत्रलाई डाइभर्ट गरी अन्यत्र रुपान्तरण गर्ने योजना राष्ट्रिय गौरवको योजना हुन सक्दैन भन्नेमा स्थानीय जुर्मुराइरहेका छन् । कालीगण्डकी मानिसको सभ्यता र संस्कृतिसँग जोडिएकाले बेला-बेलामा नदीका विषयमा विभिन्न कार्यक्रम र टीकाटिप्पणी भइरहेका छन् ।

कालीगण्डकी डाइभर्सनलगायत जलविद्युत् तथा सिँचाइको पूर्वाधार निर्माणले नदीको अस्तित्वलाई थप चुनौतीपूर्ण बनाएको छ । पौराणिक र धार्मिक महत्वमात्र होइन कि यसको बहाव क्षेत्रको वरपरका गाउँवासीका लागि यो नदी जीविकोपार्जनको स्रोतसमेत बनेको छ ।

यही नदीमा माछा मारेर, नदी किनारको बालुवा चाली सुन निकालेर, ढुङ्गा तथा बालुवा बिक्री गरी जीवन निर्वाह गर्ने माझी, बोटेलगायत जाति छन् । जल, जमिन र जङ्गलको अग्राधिकार सम्बन्धित आधार क्षेत्रका बासिन्दाको हुने गर्छ ।रासस

# आइपिओ जारी गर्दै माया खोला हाइड्रोपावर

काठमाडौँ, ४ माघ
माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणका लागि साधारण शेयरको निष्कासन तथा विक्री खुला गर्ने भएको छ । कम्पनीले आयोजना प्रभावित स्थानीय तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि शेयर निष्कासन गरेपश्चात आगामी माघ १३ गतेदेखि सर्वसाधारणको लागि प्रतिकित्ता रु १०० अङ्कित दरमा १९ लाख ९२ हजार कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन( आइपीओ) बिक्री खुला गर्ने भएको हो । कम्पनीले आफ्नो जारी पूँजी रु एक अर्बको ३४ प्रतिशतले हुने ३४ करोड मूल्य बराबरको कुल ३४ लाख कित्ता साधारण शेयरमध्ये आयोजना प्रभावित स्थानीयका लागि कुल १० लाख कित्ता शेयर निष्सकासन गरी बाँडफाँट गरिसकिएको छ । त्यस्तै दुई लाख ४० हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि, एक लाख २० हजार कित्ता सामुहिक लगानी कोषलाई बाँडफाँड गरिएको र ४८ हजार कित्ता कर्मचारीलाई छुट्याई बाँकी १९ लाख ९२ हजार कित्ता शेयर सर्वसाधारणलाई निष्कासन गर्न लागिएको कम्पनीले जनाएको छ ।

कम्पनीले निष्कासन गर्ने शेयरमा लगानीकर्ताले छिटोमा यही माघ १७ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे माघ २७ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता खरिदका लागि आवेदन दिन सकिने छ । कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड रहेको छ । इच्छुक लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट 'सी-आस्वा' प्रणालीमार्फत र 'मेरो शेयर'बाट आवेदन दिन सकिने जनाइएको छ । कम्पनीलाई ईक्रा नेपालले 'ईक्राएन्पी आईआर बीबी माइनस ' प्रमाणपत्र प्रदान गरेको छ । कम्पनीले सङ्खुवासभाको धर्मदेवी नगरपालिकाको माया खोलामा १४ दशमलव नौ मेगावाट क्षमताको मायाखोला जलविद्युत आयोजना निर्माण गरेको छ । रासस

# तरकारीले उकास्यो जीवनस्तर

चौतारा, ४ माघ
धन कमाउन विदेश जानुपर्दैन, यसको उदाहरण बनेका छन , सिन्धुपाल्चोकको लिसँखुपाखर गाउँपालिका-५ जेठलका मकरबहादुर तामाङ । चार वर्ष साउदी अरबमा बसेका तामाङले त्यहाँ बालुवामा तरकारी फलेको देखेपछि उत्साहित भएर गाउँ फर्की तरकारी खेती गरेका हुन । छ महिना खान नपुग्ने उनको परिवारले अहिले तरकारी खेतीबाटै वार्षिक रु पाँच लाख आम्दानी लिन थालेको छ । यसका साथै तामाङले ३० जनालाई रोजगारीसमेत दिएका छन । साउदी अरबको अनुभव सुनाउँदै उनले भने ,"बालुवामा पाँच फिट माटो राखेर तरकारी लगाउँदा हुँदोरहेछ ।" त्यहाँको तरकारी बजारमा काम गर्दाको अनुभवलाई यहाँ प्रयोग गर्दा राम्रो मुनाफा हात पार्न सफल भएको तामाङले बताए । सिलढुङ्गा तरकारी सङ्कलन तथा आलु बीउभण्डारका अध्यक्षसमेत रहेका उनी भन्छन, "सिँचाइका लागि सम्भावना भए पनि सम्बन्धित निकायमा माग गर्दा सुनुवाइ भएन ।" तामाङ तरकारीमा रासायनिक मलको सट्टा जैविक विषादी बनाएर प्रयोग गर्छन । रासायनिक मल प्रयोग गरेको तरकारीले दीर्घकालीन रोग बढाउने बुझेपछि उहाँले त्यसको बदलामा जैविक विषादी प्रयोग गर्न थालेका हुन ।

झारबाटै विषादी बनाएर तरकारीमा छर्कने गरेका छन । रासायनिक विषादी रोगको कारण भन्ने थाहा भएपछि यसको प्रयोग गर्न छाडेको तामाङले बताए । गत वर्षदेखि उनले रासायनिक मल प्रयोग पूर्णरुपमा छाडेर जैविक विषादी प्रयोग गरेर तरकारी फलाइरहेका छन । गाउँघरमै पाइने तीतेपाती, उरेलुलगायत झारपातबाट सजिलो तरिकाबाट तामाङ विषादी बनाइरहेका छन ।रासस

# माटोको उर्वरा शक्तिमा ह्रास



घोराही, ४ माघ
दाङमा रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्तिमा ह्रास ल्याएको छ । माटो परीक्षणबिना खेती गर्ने र जथाभावीरूपमा रासायनिक मल प्रयोगले माटोको उर्वरा शक्तिमा ह्रास हुँदै गएको कृषिविज्ञ बताउँछन् ।

मलको जथाभावी प्रयोगले नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा माटोमा कम हुँदैगएको र उत्पादनमा ह्रास ल्याउने काम गरिरहेको कृषि ज्ञान केन्द्र घोराहीका कृषि अधिकृत देवा महरा बताउछन ।

कृषि उत्पादन बढाउने उद्देश्यले किसानले युरिया, डिएपीलगायतका रासायनिक मल अत्यधिक प्रयोग गर्ने र यसले बर्सेनि माटोको उर्वरा शक्तिमा कमी ल्याउने काम गरिरहेको उनको भनाइ छ । किसानले धान, मकै, तोरी, मसुरो, गहुँलगायतका बालीको उत्पादन बढाउनका लागि युरिया, डिएपीलगायत मलसँगै किटनाशक औषधि बढी प्रयोग गर्ने गरेका छन् । किसानले प्राङ्गारिक मलका रूपमा गाईवस्तुको गोबरसँगै केही उद्योगले उत्पादन गरेको प्राङ्गारिक मल प्रयोग गर्ने गरे पनि अधिकांशले रासायनिक मल प्रयोग गर्ने गरेका छन् । यसबाट माटोलाई आवश्यक पर्ने तत्व पूर्ति हुन नसक्दा उर्वरा शक्ति क्षीण बन्दै गएको अधिकृत महरा बताउछन ।

"अधिकांश किसानले रासायनिक मल प्रयोग गर्ने गरेका छन", उनले भने , "माटोको उर्वरा शक्तिमा बर्सेनि कमी आइरहेको छ ।" यसअघि जिल्ला कृषि विकास कार्यालय भएका बखत २०५७ सालमा दाङमा माटो परीक्षणका लागि मिनील्याब स्थापना भएको थियो । ल्याब स्थापनासँगै कार्यालयमा माटोविज्ञको दरबन्दी थियो । तर सङ्घीयता आएपछि कर्मचारी समायोजनका क्रममा माटोविज्ञको दरबन्दी कटौती गरेपछि कृषि ज्ञान केन्द्र माटोविज्ञविहीन छ । बर्सेनि हुने माटो परीक्षणमा समेत कमी आएको अधिकृत महराको भनाइ छ । "कृषि विकास समिति हुँदा माटो परीक्षणका लागि प्रत्येक वर्ष शिविर सञ्चालन हुन्थ्यो", उनले भने , "अहिले कोही किसानले कार्यालयमा माटो ल्याएर आएमात्रै परीक्षण हुन्छ । माटो परीक्षणका लागि गाउँमा शिविर सञ्चालन हुनसकेका छैनन् ।" उनका अनुसार कार्यालयमा माटोविज्ञको व्यवस्था हुँदा वार्षिक करिब १२ सयसम्मको माटो परीक्षण हुने गरे पनि पछिल्लो समय वार्षिकरूपमा एक सय ५० जनासम्म किसानले ल्याएको माटो परीक्षण हुने गरेको छ । जिल्लामा माटो परीक्षण गरेर कृषि व्यवसाय गर्नेभन्दा पनि कृषि व्यवसायमा समस्या देखिएपछि मात्रै परीक्षणका लागि आउने किसान बढी छन् ।

"माटो परीक्षण गरेर कृषि व्यवसाय गर्नुपर्छ भन्ने किसानमा ज्ञान छैन", महराले भने ।रासस

# संघीयताको संस्थागत विकासमा गम्भीर छु : मुख्यमन्त्री यादव

जनकपुरधाम, ४ माघ

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई सतप्रतिशत विश्वासको मत प्राप्त भएको छ । आजको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले सभामा उपस्थित एक सय दुईमध्ये सम्पूर्ण सदस्यको मत प्राप्त गर्नुभएको हो । मुख्यमन्त्री यादवलाई प्रदेशसभामा प्रतिनिधित्व गर्ने दशवटै दल र स्वतन्त्र सांसदले पनि विश्वासको मत दिनुभएको हो ।

मधेस प्रदेशसभामा माओवादी केन्द्रका दुई जना प्रदेशसभा सदस्यको शपथ ग्रहण बाँकी रहेकाले प्रदेशसभामा हाल एक सय पाँच सदस्य रहेका छन् । पुस २७ गते मुख्यमन्त्रीको दाबी पेश गर्दा सत्ता गठबन्धन दल र दुई स्वतन्त्र सांसद गरी ६३ जनाको मात्रै समर्थन रहेकामा बुधबारको बैठकमा यादवले असाधारणअर्थात् उपस्थित सम्पूर्ण सदस्यको मत प्राप्त गर्नुभयो । प्रदेशसभाको पहिलो कार्यकालमा सभामुखको जिम्मेवारी सम्हालिसक्नुभएका यादव जसपाबाट पहिलोपटक मुख्यमन्त्री बन्नुभएका लालबाबु राउतलाई रोक्दै सर्वसम्मत पार्टी संसदीय दलको नेता र त्यही हैसियतमा संविधानको धारा १६८ (२) बमोजिम गत पुस २७ गते मुख्यमन्त्री नियुक्त हुनुभयो । अब उहाँ सत्ता गठबन्धनको समझदारीअनुसार साढे दुई वर्ष प्रदेशको कार्यकारी प्रमुखको रुपमा रहनुहुनेछ ।

विसं २०५४ मा बाराको साविक हरिहरपुर गाविस अध्यक्ष र २०६४ सालमा बारा निर्वाचन क्षेत्र नं १ बाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभएका यादवले २०६६ सालमा वाणिज्य तथा आपूर्ति राज्यमन्त्री र २०६८ सालमा स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्रीको जिम्मेवारीसमेत सम्हालिसक्नुभएको छ । पार्टीमा विभिन्न तहमा रहँदै निर्वाचनमार्फत संसदीय अभ्यास, केन्द्रीय सरकारमा राज्यमन्त्री र प्रदेशमा सभामुखको भूमिका निर्वाह गरिसक्नुभएका उहाँले अब मुख्यमन्त्रीको रुपमा कस्तो भूमिका बहन गर्नुहोला भन्ने आम चासो छ ।

आफ्नै पार्टी नेतृत्वको सरकार हुँदा जनअपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना गर्नुहुने यादवलाई अब आफ्नै नेतृत्वमा सबैको विश्वास जित्दै आलोचनाबाट जोगिनुपर्ने चुनौती पनि छ । यही सन्दर्भमा प्रस्तुत छ मुख्यमन्त्री यादवसँग राससका संवाददाताद्वय टिकाराम सुनार र निरञ्जनकुमार साहले गर्नुभएको कुराकानीको सम्पादित अंश :



मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएकामा यहाँलाई हार्दिक बधाई छ ।

यहाँहरुलाई पनि धेरै धेरै धन्यवाद ।

***प्रदेशसभाको पहिलो कार्यकालमा सभामुख र दोस्रो कार्यकालमा मुख्यमन्त्रीको जिम्मेवारी आएको छ, कस्तो लागिरहेको छ ?***

एउटा राजनीतिकर्मीका लागि यो स्वभाविकै हो नि ! खुसी छु । यो जिम्मेवारीलाई म कुशलतापूर्वक पूरा गर्नेछु ।

***मुख्यमन्त्रीका रुपमा कसरी अगाडि बढ्ने सोच राख्नुभएको छ ?***

भर्खरै मुख्यमन्त्री भएको छु । आजै मात्र मैले विश्वासको मत पनि पाएको छु । म काम गर्नकै लागि मुख्यमन्त्री भएको हुँ । मधेसमा अथाह सम्भावना भएर पनि सबैभन्दा पिछडिएको अवस्थामा छ । खासगरी कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा धेरै समस्या छन् । कृषिको प्रचुर सम्भावना भएकाले विशेष जोड दिएर काम गर्ने सोच छ । त्यस्तै शिक्षा र स्वास्थ्यलाई पनि मैले मुख्य प्राथमिकतामा राखेको छु । यी तीनवटै क्षेत्रमा सुधार गरी समग्र प्रदेशको विकासमा लाग्छु । त्यसैगरी भ्रष्टाचार जुन ढङ्गले बढेको छ यो देशको लागि दुर्भाग्यको विषय हो । यो प्रदेशमा पनि भ्रष्टाचार र बेथितिलाई कडाइका साथ रोक्नु र नियन्त्रण गर्नुपर्नेछ ।

***अघिल्लो पाँच वर्ष पनि तपाईँकै पार्टीको सरकार थियो । त्यो बेला दुई पार्टी मिलेर बनेको सरकारमा अहिले सात पार्टी छन् । सबैलाई मिलाएर जाने चुनौतीका बीच कसरी काम गर्न सकिएला ?***

पहिलो कार्यकालमा दुई वटा पार्टीको सरकार भए पनि सङ्घीयता कार्यान्वयनका लागि आधारभूत तयारी गर्नुपर्ने दायित्व थियो । कार्यालय व्यवस्थापन, कानुन, कर्मचारी संरचना केही थिएन । जे गर्न पनि केन्द्र सरकारको मुख ताक्नुपर्ने बाध्यता थियो । त्योसँगै कोरोना महामारी आयो । दुई वर्षसम्म सिंगो देशजस्तै यो प्रदेश पनि महामारीको चपेटामा पर्‍यो । काम गर्न असहज परिस्थिति सिर्जना भयो । अघिल्लो सरकार र मुख्यमन्त्रीले राम्रो काम गर्न खोज्नुभएकै हो । सरकारले राम्रो राम्रो विधेयक ल्याएको र संसद्ले पास गरेको छ । समग्रमा अवस्था असहज थियो त्यो बेला । पहिलो सरकार भएकाले निकै चनौती थिए । जहाँसम्म मेरो नेतृत्व र सात दलीय सरकारको कुरा छ । म त यहाँ सात दल मात्रै होइन, सर्वदलीय सरकार बनाएर काम गर्ने योजनामा छु । ममा कुनै स्वार्थ नै छैन, त्यसो भएकाले सबै दलका सांसदलाई साथमा लिएर जाँदा मलाई काम गर्न झनै सजिलो हुन्छ नि ! सङ्घीयतालाई सही अर्थमा कार्यान्वयन र प्रदेशको समग्र विकासका लागि उहाँहरु सबैले मलाई सहयोग गर्नुहुन्छ भन्ने मलाई पूर्ण विश्वास छ ।

***सर्वदलीय सरकार त भन्नुभयो, त्यसको सम्भावना कति छ ?***

मैले केन्द्रमा सरकारलाई विश्वासको मत दिएका सबै दलहरुसँग संवाद गरिरहेको छु । उहाँहरुले सकारात्मक छौं भन्नुभएको छ । म के कुरामा विश्वस्त छु भने अघिल्लोपटक कांग्रेस पहिले प्रतिपक्ष थियो, पछि सरकारमा गयो । अहिले १० वटा दल छन्, त्यतिबेला पनि सात/आठ वटा दल थिए । सबै माननीयज्यूहरुलाई सभामुखको रुपमा मेरो भूमिका राम्रोसँग थाहा छ । अहिले पनि धेरै माननीयज्यूहरु दोहोरिएर आउनुभएको छ । मुख्यमन्त्रीको रुपमा मैले झन् राम्रो काम गर्नसक्छु भन्ने उहाँहरुलाई पनि विश्वास छ । त्यो विश्वासका आधारमा भन्दैछु, यहाँ सर्व दलीय सरकार बन्छ ।

***सरकारको कामकै विषयमा कुरा गर्दा तपाई आफैँ पनि अघिल्लो सरकारले जनअपेक्षाअनुसार काम गर्न सकेन भन्नुहुन्थ्यो । अहिले त आफैँ जवाफ दिने ठाउँमा आइपुग्नुभएको छ । फरक के हुन्छ अब ?***

म बोलीमा होइन, काममा विश्वास राख्छु । जति मान्छे मुख्यमन्त्री, मन्त्री बन्छन् वा पद पाउनेले म राम्रो काम गरेर देखाउँछु त भन्छन् नि ! सबैभन्दा राम्रो काम गर्छु, विकास गर्छु, भ्रष्टाचार निवारण गर्छु त सबैले भनेकै हुन् तर खै परिणाम ? त्यसैकारण म उल्टोबाट काम सुरु गर्ने सोचमा छु, त्यो भनेको पहिले काम गर्छु, अनि मात्रै बोल्छु । म चाहन्छु धेरै बोलेर होइन, कामले हल्ला गरोस् र कामले नै जवाफ देओस् ।

**धेरै नबोले पनि भन्न मिल्ने केही प्राथमिक विषय त होलान् नि !**

यति भन्छु, कम्तीमा तीन महिना न कुनै कार्यक्रमको प्रमुख अतिथि बन्ने, न कुनै कार्यको शिलान्यासमा समय बिताउने, न त मिडियामा बोल्दै हिँड्ने । तीन महिनामा केही न केही परिवर्तनको आभाष दिने, यो सरकार आएपछि केही ठीक काम हुन थाल्यो है भनेर जनतालाई विश्वास दिलाउने मेरो प्राथमिकताका विषय हुन् । भन्नुको अर्थ तीन महिनामा कम्तिमा केही बोल्ने र भन्ने आधार तयार गर्ने मेरो लक्ष्य छ । त्यसैले पहिले काम अनि कुरा ।

***मख्यमन्त्रीज्यू, अहिले सङ्घीयता माथि ठूलो प्रश्न छ, त्यो प्रश्न प्रदेश सरकारको कामकारबाहीलाई लिएर अझ बढी उठ्ने गरेको देखिन्छ ? यहीबीचमा तपाइँ सङ्घीयताको सबैभन्दा बढी पक्षपाती मधेस प्रदेशको कार्यकारी प्रमुख बन्नुभएको छ । यस विषयलाई कसरी लिनुभएको छ ?***

म तपाईँलाई नै प्रतिपश्न गर्छु, मरेको मान्छे ब्युँतिएको देख्नु भएको छ ? हो, देशमा सङ्घीयता आइसक्यो, अब जोसुकै पार्टी, जोसुकै नेताले जे भने पनि देशमा सङ्घीयताको विकल्प छैन । सङ्घीयता जनताको रोजाइको विषय भइसक्यो । यो जनताले आफ्नो कुरा राख्ने सबैभन्दा नजिक सजिलो माध्यम हो । जनतालाई आफ्नो कुरा भन्ने र गुनासो गर्ने अहिलेको अवस्था सङ्घीयताले सम्भव बनाएको हो । उदाहरणकै लागि, तपाईँलगायत यहाँका मिडियाका साथीहरु पनि कार्यकारी प्रमुखलाई सजिलै भेटेर कुरा राख्नुहुन्छ, प्रश्न सोध्नुहुन्छ । हरेक नागरिकलाई मुख्यमन्त्रीसँग कुरा गर्न खुला छ ।

**यतिको लागि सिंहदरबार र बालुवाटार जान सजिलो छ ?**

पक्कै छैन । यसै कारण सङ्घीयता जनताको सबैभन्दा सजिलो शासन व्यवस्था हो । जनताका स-साना कुराको सुनुवाइ गर्ने आधारका रुपमा स्थानीय तह र प्रदेश सरकारको विकास भएको छ, जो केन्द्र सरकार हुनसक्दैन । यसर्थ सङ्घीयताको विरुद्धमा लाग्नेहरु आफैँ समाप्त भएर जान्छन् तर काम गर्ने कुरामा चाहिँ हामीले डटेर लाग्नु पर्नेछ ।

**मुख्यमन्त्रीको रुपमा मेरो भूमिकाको सवालमा म दृढ छु ।** आज मात्रै होइन, २०५४ सालमा जतिबेला म गाविस अध्यक्ष भएको थिए, त्यति बेलादेखि नै म सङ्घीयता पक्षधर हो । अहिले प्रदेश सरकार प्रमुखका रुपमा छु । प्रदेश सरकारलाई संविधानले प्रत्याभूत गरेका अधिकारको सही प्रयोग गर्नु मेरो दायित्व हो । सङ्घीयताको संस्थागत विकासमा म सधैँ गम्भीर छु । अन्त्यमा एउटा सफल राज्य र सरकारका लागि सेना, प्रहरी, कर्मचारीजस्तै सूचना पनि शक्तिको स्रोत हो । सञ्चारमाध्यमको विकास र प्रवर्द्धनका योजना के छन् ?

संविधानले प्रदेश सरकारलाई दिएको अधिकारका सन्दर्भमा केन्द्र सरकारले संयोजन गर्नुपर्छ । यसपटक प्रधानमन्त्रीमा पनि सङ्घीयता पक्षधर पुष्पकमल दाहाल प्रचण्डज्यू रहनुभएकाले संवैधानिक अधिकार कार्यान्वयनमा कुनै कन्जुस्याइँ हुँदैन भन्ने मलाई विश्वास छ । तपाईँले भनेको विषयमा पनि आवश्यक छलफल गरेर अगाडि बढ्छु । रासस

# निर्यात बढाउने अवस्था सृजना गर्नुपर्छ : कृषिमन्त्री शाह



पाटन, ४ माघ,
कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी शाहले आयातभन्दा निर्यात बढाउने अवस्था सृजना गर्नुपर्नेमा जोड दिएका छन ।

राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ का सन्दर्भमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले आयोजना गरेको कार्यक्रममा उनले भने , "हामीले आयातभन्दा निर्यात वृद्धि कसरी गर्ने भन्ने सोच्नु पर्छ, कृषि प्रधान देश भएर पनि कृषिमा हामी किन पछाडि छौं भनेर गम्भीर ढङ्गले सोच्नु आवश्यक छ ।"

मन्त्री शाहले हरेक जीवजन्तु र बाली संरक्षण गर्ने नीति लिएर सबैलाई समान रुपले संरक्षण गर्नुपर्नेमा जोड दिँदै कृषि तथा पशुपन्छी विकासको कामलाई सकारात्मक रूपमा अगाडि बढाइने बताए ।

मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले हरेक वर्षको माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसका रूपमा मनाउने निर्णय गरेर नेपालको कृषि क्षेत्रमा आफ्नो मौलिकता जगाउने काम भएको बताए ।"नेपालको कृषि क्षेत्रमा ४० प्रतिशतभन्दा बढी जैविक विविधता ह्रास भएर गइसकेको छ, अब पनि हामीले जैविक विविधताको संरक्षण गर्न सकेनौं भने हाम्रो अगाडि ठूलो चुनौती खडा हुन्छ", उनले भने ।

त्यस्तै मन्त्रालयका अर्का सचिव डा दीपककुमार खरालले मानव जातिलाई दीर्घकालसम्म सहज बनाउन जैविक विविधताको संरक्षण आवश्यक भएको बताए ।"कृषक समुदाय जैविक विविधता संरक्षणको प्रथम विन्दु भएकाले उनीहरूलाई प्राथमिकतामा राखेर नीति निर्माण गरी संरक्षण र प्रवर्द्धनमा लाग्नुपर्ने छ", उनले भने ।

नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारीले कृषिमा जैविक विविधताको संरक्षण, प्रवर्द्धनका साथसाथै अधिकतम सदुपयोग गर्नुपर्ने बताए ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख डा रामकृष्ण श्रेष्ठले राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९का बारेमा, राष्ट्रिय जिन बैंकका प्रमुख डा बालकृष्ण जोशीले जैविक विविधता संरक्षण, अनुसन्धान र विकासमा नार्कद्वारा हासिल उपलब्धिका बारेमा तथा कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका उपप्राध्यापक सुवोध खनालले विश्वविद्यालयमा कृषि जैविक विविधता अध्ययन/अध्यापन, अनुसन्धान एवं हासिल उपलब्धिका बारेमा प्रस्तुति गरेका थिए ।रासस

# रजौलमा सामुदायिक भवनको शिलान्यास

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । जनकपुरधाम उपमहानगरपालिका १४ स्थित रजौलमा एक सामुदायिक भवनको शिलान्यास गरिएको छ । बुधवार मधेश प्रदेशसभा सदस्य शेषनारायण यादव, कुमरकान्त झा र पुर्वमन्त्री महेन्द्र यादवले एक समारोहका बीच शिलान्यास गरेका हुन । शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सभा सदस्य शेषनारायण यादवले प्रदेशको विकासमा कतै पछाडि नहटने प्रतिबद्धता जनाए ।उनले भने आफूले मत दिएर जिताएका जनताको हक अधिकार र विकासका लागि कुनैपनि हालतमा पछि हटने छैनौं । आफ्नो पार्टी प्रतिपक्षमा रहेपनि यहाँको विकासका र जनताको अधिकारका निमित सरकारलाई दबाव दिने काम गर्नेछु। प्रदेश सभा सदस्य यादवले जनताको हक अधिकार सँग सम्बन्धित कानून निर्माण, प्रदेशको आर्थिक समृद्धि र जनताको रोजगारी श्रृजनाका लागि आफू काम गर्नेछु भन्दै यसका लागि प्रदेश सरकारलाई दबाव सहित कार्यान्वयनमा जोड दिनेछु भने ।



# एमाले मधेशको अधिवेशन चैतसम्म गरिने

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ । चैत मसान्तसम्म प्रदेशको अधिवेशन गर्ने भनी नेकपा एमाले मधेस प्रदेश कमिटीको सचिवालय बैठक सम्पन्न भएको छ ।

बुधवार बसेको बैठकबाट नेकपा एमालेले आगामी चैत मसान्तसम्ममा प्रदेश अधिवेशन सम्पन्न गर्ने, माघ २० गतेसम्ममा सबै जिल्ला कमिटी बैठक सम्पन्न गर्ने तथा फाल्गुन भित्र संगठित सदस्यता नविकरण तथा अभिलेखिकरण गर्ने निर्णय गरिएको हो । बैठकले महोत्तरी जिल्लाको अधिवेशन चैत्र १५ भित्र सम्पन्न गर्ने, आसन्न स्वबियु निवार्चन सम्पन्न गर्न विद्यार्थी संगठन परिचालन गर्ने निर्णयसमेत गरिएको गरेको बैठकमा सहभागि प्रदेश कमिटी सचिवालय सदस्य एवम् प्रदेश अधिवेशन प्रसारप्रचार संयोजक सोम प्रसाद शर्माले जानकारी दिए ।

नेकपा एमालेका मधेस प्रदेशका अध्यक्ष रामऔतार यादवको अध्यक्षता एवं केन्द्रीय सचिव रघुविर महासेठको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा नेकपा एमालेका सांसद लिलानाथ श्रेष्ठ, सुमन प्याकुरेललगायत प्रदेश कमिटीका सदस्यहरुको उल्लेख्य उपस्थिती रहेको थियो ।

## श्रोत नखुलेको २२ लाख ..............................

नो मातहतमा त्यस्ता भ्रष्टाचार र क्रियाकलापलाई अन्त्य गर्ने प्रतिबद्धता जनाए । उनले आफ्नो मातहतका कार्यालयमा तीन महिनाभित्र भ्रष्टाचार मुक्त गर्ने प्रतिबद्धता जनाउँदै प्रदेशमा सुशासन कायम गर्ने भने । त्यसैगरि पर्सा प्रहरीले १ लाख प्रतिबन्धित भारतीय नोट सहित एक युवकलाई पक्राउ गरेको छ । मंगलबार प्रहरी चौकी ईनर्वा पर्साबाट खटिएको चेकिङ टोलीले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ शंकराचार्य गेट स्थित सडकखण्डबाट उनलाई प्रकाउ गरेको हो ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १ छपकैया निवासी २१ वर्षीय जटाशंकर साह सोनार रहेका छन् । प्रहरीले भारतको रक्सौलबाट वीरगञ्जतर्फ आउदै गरेका सवारीसाधन तथा पैदल यात्रीहरूलाई नियमित रूपमा चेकजाँच गर्ने क्रममा संकास्पदरूपमा आउदै गरेको साहलाई खानतलासी गर्दा निजको साथबाट श्रोत नखुलेको प्रतिबन्धित भारतीय नोट रू.५०० दरको २०० थान गरी कुल १ लाख भारतीय रुपैया फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । पक्राउ परेका अभियुक्तलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको उनले बताए ।

## मधेस आन्दोलनको १६ वर्ष.........

रुपमा चिनिएका डा. सिके राउत, रेशम चौधरीका समर्थकहरु, उपेन्द्र यादव, महन्थठाकुर र अन्य सानातिना राजनीतिक शक्तिहरु एकस्थानमा आउनु पर्ने देखिएको छ ।

मधेसले चाहेको बामपन्थ होइन । मधेस बामपन्थ सत्ताको सहयोगी हुनुभन्दा लोकतान्त्रिक शासन प्रणाली स्वीकार गर्नेको सहयात्री हुनुपर्दछ । मधेस आन्दोलनले पाएको म्याण्डेड पनि विस्तारै मधेसीहरुको हातबाट खोसिदै जानुको मुख्य कारण मधेसीले चुनेका पुराना नेताहरुको पैसामूखी रवैया हो भने अर्को महत्वपूर्ण कारणमा बामपन्थसँगको सहकार्य पनि हो । मधेस आन्दोलनले मधेसमा भ्रष्टचार रोक्न सकेन । नातावाद कृपावाद र जातीयताको लिप्सालाई छोड्न सकेन । गुटबन्दी र अहमपनाले जरो गाड्यो ।जसले गर्दा उपेन्द्र यादवलाई हराउँदै मिष्टर मधेस भएर आए सिके राउत । तर चुनावको अन्तरविरोधलाई विर्सेर एकपटक संघीय राज्यसत्तासँग सबै मधेस केन्द्रित दलहरु एक ढिक्का भएर अन्तिम लडाई लड्न बाँकी छ । मधेस आन्दोलनको १६ औं बर्षगाँठले सबै मधेसी मसिहाहरुलाई यही अभिप्रेरणा देओस । मधेस र मधेसीकालागि विभिन्न समयमा वलिदानी दिनुभएका सहिदहरु प्रति हार्दिक श्रद्धान्जली ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000/- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरुः

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्कः त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालयः भरतपुर, चितवन, ९८५५०३७०९९

# ताइवानी महिलालाई पनि सैन्य प्रशिक्षण



ताइपेई, ४ माघ
ताइवानले जगेडा सैनिकका रूपमा महिलालाई तैनाथ गर्न प्रशिक्षण दिने योजना घोषणा गरेको छ । पहिलो पटक महिलालाई सैन्य तालिमको व्यवस्था गरिएको र त्यो यसै वर्ष प्रारम्भ हुनेछ । चीनबाट हुनसक्ने जोखिमलाई दृष्टिगत गरी महिलालाई प्रशिक्षणको व्यवस्था गरिएको हो । रक्षा मन्त्रालयका अनुसार यसैवर्षको मध्यतिर करिब दुई सय महिलालाई ताइवानको सेनाले तालिम दिनेछ । बाह्य आक्रमाणको जोखिम बढेकाले आफ्नो सेनालाई बलियो बनाउने प्रयासमा महिलालाई पनि प्रशिक्षणको व्यवस्था गरिएको उक्त मन्त्रालयले जनाएको छ । इच्छुक महिलाले तालिमका निम्ति आवेदन गर्न सक्नेछन् । तालिमा सहभागी हुने महिलाको सङ्ख्याअनुसार प्रशिक्षण योजना र कार्यक्रम तर्जुमा गरिनेछ ।
हालै ताइवानले पुरुषलाई अनिवार्य सैन्य सेवा गर्नुपर्ने प्रावधान जारी गरेको छ । यद्यपि महिलाहरू पनि सशस्त्र बलमा स्वयम्सेवकका रूपमा सेवा गर्न सक्ने व्यवस्था छ । ताइवानी पुरुषले अनिवार्य सैन्य सेवा गर्नुपर्ने चार महिनाको प्रावधानलाई बढाएर एक वर्ष पुऱ्याएको छ । अमेरिकी रक्षा मन्त्रालयको अनुमानअनुसार ताइवानसँग ८९ हजार स्थल सेना छन् भने चीनसँग १० लाख सैनिक छन् ।
गत महिना राष्ट्रपति साई इङ्ग वेनले अनिवार्य सैन्य सेवाको अवधि बढाइएको घोषणा गर्नुभएको थियो । प्रथम महिला राष्ट्रपति उनले गरेको उक्त घोषणाको स्वागत गर्दै केही महिला सांसदले नारीलाई पनि सैन्य तालिम अनिवार्य गर्नुपर्नेमा जोड दिएका थिए ।
भावी पुस्ताका निम्ति लोकतान्त्रिक जीवनशैली सुनिश्चित गर्न सैन्य सेवा विस्तार अपरिहार्य भएको राष्ट्रपतिले बताएका छन् ।
सन् १९४९ को चिनियाँ गृहयुद्धमा ताइवान र चीन विभाजित भएका हुन् । पहाडी टापु ताइवानलाई चीनले आफ्नो भूमिका रुपमा दाबी गरिरहेको छ भने आवश्यक परे बल प्रयोग गरेर मूलभूमिमा एकीकरण गर्ने बताउँदै आएको छ । एक देश दुई शासन पद्धतिअनुरुप बेइजिङले ताइवानमाथि अप्रत्यक्ष रुपमा शासन गर्दै आएको छ । यद्यपि उसले ताइपेईलाई स्वयत्तता प्रदान गरेको छ । (रासस/ एएफपी)

# क्यान्सरबाट पीडित अमेरिकी प्रथम महिला महारोगविरुद्धको राष्ट्रिय अभियानमा

वासिङ्टन, ४ माघ
अमेरिकी प्रथम महिला जिल बाईडेन छालाको क्यान्सरबाट पीडित भएकी छन । केही समयअघि उहाँको दाहिने आँखाको माथिल्लो भागमा देखिएको घाउ छालाको क्यान्सर भएको चिकित्सकहरूले पुष्टि गरे । नियमित परीक्षणका क्रममा उहाँमा उक्त रोग लागेको पुष्टि भएको हो ।
प्रथम महिलालाई उपचार गरेमा निको हुने खालको छालाको क्यान्सर भएको हो । परीक्षणका क्रममा चिकित्सकहरूले उनको वायातिरको वक्षस्थलको भाग र वाया आँखाको माथिल्लो भागमा पनि क्यान्सर लागेको पत्ता लगाए । रोग लागेको भाग हटाइएको छ । समयमै उपचार गर्दा निको हुने खालको क्यान्सर लागेकाले आत्तिनुपर्ने अवस्था नभएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन् ।
आफूलाई क्यान्सर भएनभएको यकिन गर्न नियमितरूपमा स्वास्थ्य परीक्षण गराउन सर्वसाधारणलाई अभिप्रेरित गर्दै आएकी प्रथम महिलाको यो अभियान नयाँ होइन । न त उहाँका छोराको सन् २०१५ मा मष्तिष्क क्यान्सर लागेर निधन भए पछि प्रारम्भ भएको हो । जिल वाइडेनले दशकौँ अघिदेखि क्यान्सरविरुद्धको अभियानमा आफूलाई सक्रिय राखेका छन । शीर्ष नेताकी पत्नीका रूपमा परिचय सार्वजनिक हुनुअघिदेखि नै यो महारोगविरुद्धको अभियानमा उहाँ होमिनु भएको छ । 'तपाईलाई क्यान्सर भएको छ' यो वाक्यांशले आफूलाई सर्वाधिक पीडा दिने उहाँ बताउछन । यो रोग लागेकाले पनि आफूले जस्तै असिम पीडा महसुस गर्ने उनलाई लाग्छ । प्रथम महिलाले क्यान्सरविरुद्धको आफ्नो भावी अभियानलाई कहिले र कसरी अघि बढाउछन भन्ने अनुमान अहिले नै गर्नु अपरिपक्व हुनेछ । उनको अवस्था, अनुभवले जनमानसमा क्यान्सरप्रतिको चेतना अभिवृद्धि, अनुसन्धान तथा सर्वसाधारणलाई नियमित स्वास्थ्य परीक्षण अर्थात् क्यान्सर लागेनलागेको सुनिश्चित गर्न अभिप्रेरित गर्नेछ । सार्वजनिक जीवनका व्यक्तिहरूका व्यक्तिगत अनुभूति र भोगाइ चेतना जागृतिका निम्ति अमूल्य हुनेछन् । प्रथम महिलाकी प्रवक्ता वानेसा वाल्डिभिया व्यक्तिगतरूपमा नै



जिल बाइडेन क्यान्सरविरुद्ध लाग्नुभएको बताउछन । क्यान्सर जोकोहीलाई लाग्नसक्ने उनको बुझाइ छ । क्यान्सप्रति सचेत रहन र समयमै उपचारका निम्ति अग्रसर हुन उनले सन् १९९३ देखि नै अभियान थालेका हुन । त्यसबेला उहाँका चार जना साथीलाई स्तन क्यान्सर भएको थियो । चार जनामध्ये एक जनाको निधन भएपछि उनी यो महारोगलाई परास्त गर्ने अभियानमा जुट्नु भएको छ । रोगको रोकथाम र निधानसम्बन्धी एक कार्यक्रमलाई गत वर्ष सम्बोधन गर्दै उनले मृतक आफ्नी मित्र विनीबाट प्रेरणा पाएर आफू अभियानमा लागेको बताएका थिए । जिल बाइडेनले विगतका घटना र आफ्ना अनुभवबाट प्रेरित बाइडेन ब्रष्ट हेल्थ इनिसिएटिभ्स प्रारम्भ गर्नुभयो । सोह्रदेखि १८ वर्षका युवतीलाई आफ्ना स्तनबारे ध्यान दिन तथा स्तन स्वास्थ्य प्रवर्द्धन गर्न उहाँले थालेको यो प्रयास अमेरिकामा पहिलो हो । डेलावरका माध्यमिक विद्यालयहरूमा गएर उहाँले स्तन स्वास्थ्यबारे प्रवचन तथा प्रदर्शन गरे । संयोग पनि अनौठो र दुःखद् छ- उनका पिता डोनाल्ड ज्याकोबको सन् १९९९ र आमा बोनी जीनको सन् २००८ मा क्यान्सरबाटै मृत्यु भयो । सन् २०१५ को मे महिनामा राष्ट्रपतिकी दिवङ्गत जेठी श्रीमतीतर्फका छोराको पनि क्यान्सबाटै ज्यान गयो । बाइडेन त्यसबखल उपराष्ट्रपति थिए । जो बाइडेनकी पहिली पत्नीको पहिले नै निधन भएकाले जिलले नै बाउ बाइडेनलाई हुर्काइबढाइ गरेका थिए । आफ्ना छोराको निधनपछि बाइडेन दम्पती क्यान्सरविरुद्धको अभियानमा होमिएका हुन । क्यान्सरविरुद्धको अभियानलाई राष्ट्रिय प्रतिबद्धताका रूपमा अघि बढाउन तत्कालीन राष्ट्रपति बाराक ओबामाले उपराष्ट्रपति बाइडेनलाई मुख्य जिम्मेवारी सुम्पे । राष्ट्रपतिमा निर्वाचित भएपछि जो बाइडेनले आगामी २५ वर्षमा क्यान्सरबाट हुने मृत्युलाई ५० प्रतिशतमा झार्ने लक्ष्यका साथ काम गरिरहेका छन । बाइडेन दम्पतीले क्यान्सरका बिरामी, उपचारपछि बाँचेका पूर्वबिरामी,स्वास्थ्यसेवक,परिचारक, अनुसन्धानकर्ता, चिकित्सक र क्यान्सरविरुद्धको अभियानमा होमिएका सबैलाई एकताबद्ध भएर उक्त लक्ष्य हासिल गर्ने दिशामा सघाउन आह्वान गरेका छन । एकहत्तर वर्षीया जिलले प्रथम महिलाको पद समाज सेवा र क्यान्सरकै विरुद्ध उपयोग गर्दै आएका छन । (रासस /एपी)

# प्रधानमन्त्री कप महिला टी–२० को सेमिफाइनल समीकरण पूरा



४ माघ, काठमाडौं । सुनसरीको इटहरीमा जारी प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगितामा समूह चरणको खेल नसकिँदै सेमिफाइनल समीकरण पूरा भएको छ ।
बुधबार समूह बी अन्तर्गत मधेशले लुम्बिनी प्रदेशलाई १६ रनले पराजित भएपछि सेमिफाइनल खेल्ने चार टिमको टुंगो लागेको हो ।
समूह ए बाट सुदूरपश्चिम र एपीएफ क्रमसः विजेता र उपविजेताका रुपमा सेमिफाइनल पुग्दा समूह बीबाट प्रदेश १ विजेता र मधेश प्रदेश उपविजेताका रुपमा अन्तिम चारमा पुगेका हुन् ।
६ माघमा हुने सेमिफाइनलमा सुदूरपश्चिम र प्रदेश १ तथा एपीएफ र मधेशबीच प्रतिस्पर्धा हुनेछ । बुधबार गण्डकी र बागमतीबीच समूह चरणको अन्तिम खेल हुन बाँकी रहँदै सेमिफाइनल खेल्ने टिमहरु निश्चित भइसकेका हुन् ।
इटहरीको जनता क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ रोजेको मधेशले निर्धारित ओभरमा ५ विकेट गुमाएर १०७ रनको योगफल खडा गरेको थियो । उसका लागि तेस्रो नम्बरमा ब्याटिङ गरेकी साना प्रभिनले अविजित ४६ रन बनाइन् । उनले ६४ बलमा ५ चौका प्रहार गरिन् । रोजी कदारीले १५ रन जोडिन् ।
लुम्बिनीको खराव बलिङका कारण यो खेलको नतिजामै असर परेको हो । लुम्बनीका बलरहरुले अतिरिक्त २७ रन खर्चेका थिए । लुम्बिनीका मनीषा राना, सरस्वती पुन र बिभास्ना बिसीले १-१ विकेट लिए ।
१०८ रनको लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभरमा ५ विकेट गुमाएर ९१ रनमा सीमित रह्यो । लुम्बिनीका लागि रन्जु श्रेष्ठ र मधु डिसीले समान २१ रनको अविजित पारी खेले । आशा पुलामी मगर र कप्तान सरस्वती जीएमले ११-११ रन बनाए । लक्ष्मी चौधरीले १२ तथा सरस्वती पुनले १० रन जोडिन् ।
बलिङमा मधेशकी भूमी सिंहले २ विकेट लिइन् । उनले ४ ओभरमा १० रन खर्चिइन् । कविता गौतमले १ विकेट लिइन् ।

# हेलिकप्टर दुर्घटनमा गृहमन्त्रीसहित सोह्र जनाको मृत्यु



किएभ, ४ माघ
राजधानी किएभको बाहिरी भेगस्थित शिशु पाठशाला नजिक बुधबार भएको हेलिकप्टर दुर्घटनमा परी युक्रेनका गृहमन्त्रीसहित १६ जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना बालबालिका पनि मारिएका अधिकारीहरूले बताएका छन् ।
अनलाइनमा पोष्ट गरिएको एउटा भिडियोमा आगो लागेको देखिन्छ भने रुवाबासी भएको आवाज सुनिन्छ । दुर्घटनाका सम्बन्धमा तत्काल थप विवरण प्राप्त भएको छैन । राष्ट्रिय प्रहरी प्रमुख इगोर क्लेइमन्कोले अहिलेसम्म १६ जनाको ज्यान गएको जानकारी प्राप्त भएको बताएका छन । गृहमन्त्रालयका कैयौँ उच्च अधिकारी, गृहमन्त्री डेनिस मोनास्ट्रास्के र उनका उपमन्त्रीको ज्यान गएको छ । बयालीस वर्षीय गृहमन्त्री मोनास्ट्रास्के दुई सन्तानका पिता हुनुहुन्छ । उहाँ दुई वर्षअघि गृहमन्त्री नियुक्त भएका थिए । दश जना बालबालिकासहित २२ जनालाई अस्पताल भर्ना गरिएको छ । दुर्घटनाका बेला शिशु पाठशालामा कर्मचारी र बालबालिका थिए । प्रहरी र चिकित्साकर्मी दुर्घटनास्थलमा उद्धार तथा उपचारमा सक्रिय छन् । (रासस /एएफपी)

# नगद विदेशी मुद्रा झिक्न नपाइने

बिस्केक, ४ माघ
किर्गिस्तानले अर्को व्यवस्था नभएसम्मका लागि विदेशी मुद्रा झिक्न नपाउने नियम लागू गरेको छ । मन्त्रिपरिषद्ले यससम्बन्धमा निर्णय नगरेसम्म ब्याङ्कबाट विदेशी मुद्रा निकाल्न नपाइने किर्गिज सरकारले एक सूचना जारी गरेर व्यवस्थाअनुसार गैरआवासीय र विदेशी नागरिकलाई पाँच हजार अमेरिकी डलरभन्दा बढी नगद निकाल्न निषेध गरिएको छ ।
किर्गिस्तानका बासिन्दा र नागरिकका लागि दश हजार डलर झिक्न पाउने व्यवस्था



जनाएको हो । मन्त्रिपरिषद्का अध्यक्ष अकिल्बेक झापारोभले जारी गरेको सूचनामा देशको आर्थिक सुरक्षा सुनिश्चित गर्न तथा आन्तरिक मुद्रा बजारलाई स्थायित्व प्रदान गर्दै राष्ट्रिय हितको रक्षाका खातिर अमेरिकी डलर निकाल्ने सीमा लागू गरिएको जनाइएको छ । नयाँ गरिएको र त्यो सीमा बढेमा १० प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ ।मन्त्रिपरिषद्ले अर्थ मन्त्रालय, भन्सार सेवालगायत सम्बद्ध सबै निकायलाई अमेरिकी डलर नगदमा निकाल्नबाट रोक्न आवश्यक कदम चाल्न निर्देशन पनि दिएको छ ।
(रासस /सिन्ह्वा)

# विषाक्त ग्यासले बिरामी भएका एक सय चालीस जना अस्पतालमा

काबुल, ४ माघ
कठ्याङ्ग्रिने चिसोबाट घरलाई न्यानो पार्न हेरत प्रान्तमा प्रयोग गरिएको ग्यासबाट विषाक्त कार्बन मोनोअक्साड उत्पन्न हुँदा कम्तीमा एक सय ४० जना बिरामी भएका छन् । उनीहरूलाई अस्पताल भर्ना गरिएको सरकारी अधिकारीहरूलाई उद्धृत गर्दै समाचार समिति टोलोले जनाएको छ ।
बिरामी पर्नेमा अधिक बालबालिका र महिला छन् । देशमा दाउरा तथा अन्य आधार भूत वस्तुको मूल्य आकाशिएपछि अफगान नागरिकले घर कोठा तताउन ग्यास प्रयोग गर्दै आएका छन् । अकस्मात तामक्रम घटेपछि अफगानीस्तानको जनजीवन प्रभावित भएको छ । चिसोका कारण चार प्रदेशमा १६ जनाले ज्यान गुमाएका छन् ।
"ज्यादै चिसो भएकाले आफ्नो परिवारले कोठा तातो पार्न ग्यास बालेछन्, त्यसबाट उत्पन्न विषले मेरा परिवार बिरामी परे, अस्पताल ल्याउन पाँच मिनेट विलम्ब गरेको भए परिवारका सबै २१ जना सदस्यलाई गुमाउने थिएँ," हेरत प्रान्तीय अस्पतालमा अब्दुल कादिरले सिन्ह्वालाई भने । बिजुली, दाउरा केही नभएपछि ग्यास प्रयोग गर्न बाध्य उनले गरिबलाई खाद्यान्न र इन्धनको जोहो गर्न कठिन भएको दुखेसो गरे । (रासस /सिन्ह्वा)

# विपत्तिको सूचना जारी गरेको क्वान्टास विमान सुरक्षित अवतरण

सिड्नी, ४ माघ
मध्यआकाशमा विपत्तिको सूचना जारी गरेको अष्ट्रेलियाको ध्वजाबाहक क्वान्टास विमान सिड्नी विमानस्थलमा सुरक्षित अवतरण भएको छ । एक सय ४५ जना यात्री बोकेर न्युजिल्याण्डको अक्ल्याण्डबाट उडेको बोइङ ७३७-८०० बिना समस्या अवतरण गरेको हो ।
विमान कम्पनीका अनुसार जहाजको सम्बन्धित इञ्जिनियरले परीक्षण गर्नेछन् । मध्यआकाशमा जारी गरिएको विपत्तिको सूचनालाई विमान अवतरण हुनुपूर्व 'सम्भावित सहयोग आवश्यक पर्ने' सूचीमा समावेश गरिएको थियो । विमानस्थलमा चिकित्सकासहित एम्बुलेन्स सेवालाई तयारी अवस्थामा राखिएको थियो । विमान उडेको करिब दुई घण्टापछि एउटा इञ्जिनमा केही समस्या अनुभव गरिएको जानकारी दिए पनि कम्पनीले इञ्जिनमा उत्पन्न समस्याबारे खुलेर जानकारी दिएको छैन ।
दुई वटा इञ्जिन भएको उक्त विमान एउटाले काम नगरे अर्कोको सहयोगमा अवतरण गर्न सक्षम रहेको जनाएको छ । संसारको सबैभन्दा सुरक्षित एयरलाइन्सको सूचीमा क्वाण्टास रहेको छ । यो एयरलाइन्स विगत ७० वर्षदेखि कुनै घातक दुर्घटनामा परेको छैन ।
अष्ट्रेलियाको नागरिक उड्डयन कानुनअनुसार विपत्तिको सङ्केत जारी हुनुलाई 'विमान गम्भीर खतरामा परेको र तत्काल मद्दत आवश्यक भएको' मानिन्छ । (रासस /एएफपी)


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

# बलिदानी दिवसमा मधेश प्रदेशमा आज सार्वजनिक विदा

मधेशदृष्टि
वीरगञ्ज ४ माघ।
मधेश आन्दोलनको क्रममा ज्यान गुमाएका शहिदहरुको स्मृतिमा मधेश प्रदेश सरकारले आज-विहिवार-प्रदेशभरि बलिदानी दिवस मनाउन सार्वजनिक विदा दिएको छ।
मधेश प्रदेश सरकारद्वारा जारी गरिएको राजपत्रमा बलिदानी दिवसको अवसरमा प्रदेशभरि विहिवार सार्वजनिक विदा दिईएको कुरा उल्लेख गरिएको छ।
मधेश सरकारको गृह तथा सँचार मन्त्रालयद्धारा जारी गरिएको प्रदेश राजपत्र २०७९ मा थप गरिएको विदाहरुमा माघ ५ गते बलिदानी दिवसको अवसरमा



सार्वजनिक विदा दिएको हो।
माघ ५ गते मधेशको आन्दोलन स्मृति दिवस भन्दै देश संघीयतामा गएपछि मधेश सरकारले माघ ५ गते सार्वजनिक विदा दिदैं आएको छ। प्रदेशको ८ वटै जिल्लामा भोली सरकारी कामकाजहरु बन्द रहने छ। मधेश आन्दोलनको क्रममा शहादत दिएका वीर शहिदहरुको सम्भ्कनामा प्रत्येक वर्ष ५ गते माघमा बलिदानी दिवस मनाउँदै आएको छ।
सिरहा जिल्लाको लहान स्थित पहिलो मधेश आन्दोलनको क्रममा सहादत प्राप्त रमेश महतोले स्मरणमा बलिदानी दिवस मनाउँदै आएको छ।

# प्रतिवन्धीत लागुऔषध सहित ३ पक्राउ

मधेशदृष्टि
वीरगञ्ज ४ माघ।
पर्सा प्रहरीले विभिन्न स्थानबाट प्रतिबन्धित लागु औषध सहित ३ जनालाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा पर्सागढी नगरपालिका वडा नम्बर ६ डकैला बहुअरीका ४० वर्षीय विजय कुमार गुप्ता, बहुदरमाई नगरपालिका वडा नम्बर ४ का ३२ वर्षीय सतिष कुमार सिंह र बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १८ का २५ वर्षीय जनक प्रसाद घिमिरे रहेका छन्।
वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ कोनियास्थित सडकखण्डमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको नियमीत गस्ती टोलीले खानतलासी गर्दा बीआर २२ ए.जे २२३० नम्बरको भारतीय मोटरसाईकलामा सवार विजयी गुप्ता र सतिष सिंहको साथबाट लागुऔषध फेन्सडिल १ सय एमएलको १२ बोतल बरामद गरेको पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक



दिपक गिरीले जानकारी दिए। यसैगरी प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ स्थित शंकराचार्य गेट नजिकै अभियुक्त जनक प्रसाद घिमीरे माथि शंका लागी चेकजांच गर्दा उनको साथबाट ६६ पिस नाईट्राभेट ट्याब्लेट बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता दिपक गिरीले बताएका छन।
लागु औषध सहित पक्राउ परेका तिनै जनालाई लागु औषध सम्बन्धि कसूरमा जिल्ला अदालत पर्साबाट ७ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडी बढाईएको गिरीले जानकारि दिए।

# गरिवतथाविपन्नहरुलाई न्यानो कपडा वितरण

मधेशदृष्टि
बीरगंज ४ माघ।
नेपाल सुशासन पार्टीले आर्थिक अवस्था निम्न भएका पर्साको ग्रामिण क्षेत्रमा बसोवास गर्ने गरिव, वेसहाराहरुलाई बुधवार एक कार्यक्रमका विच न्यानो कपडा वितरण गरेको छ। पर्साको सखुवाप्रसौनी गाउँपालिकाको वडानम्बर २ औराहा टोल, पटेर्वासुगौली गाउँपालिकाको सोनबर्षामा न्यानो कपडा वितरण गरिएको पार्टीका नेता शिव कुमार साहले जानकारी दिएका छन।
सो अवसरमा १ सय ७५ थान बल्याकेट, बालबालिका तथा वृद्धबृद्धाका लागि लगाउने सुट तथा न्यानो कपडा वितरण गरिएको साहले बताए।
नेपाल सुशासन पार्टीको केन्द्रिय कार्यालयले पठाएको न्यानो कपडा पार्टीका उपाध्यक्ष एवं पर्सा क्षेत्र नम्बर ३ का सांसदका उम्मेदवार राजकुमार यादवको नेतृत्वमा प्रदिप चौधरी, शिव कुमार साह, राजकुमार साह, हरेन्द्र सहनी लगायतका नेता कार्यकर्ताहरुले वितरण गरेका थिए।

# वाइसीएल पर्साको बैठक सम्पन्न

मधेशदृष्टि
बीरगंज ४ माघ।
संगठन विस्तारका लागि बुधवार वाईसिएल पर्साको जिल्ला कमिटीको वैठक सम्पन्न भएको छ। जिल्ला अध्यक्ष दिपेन्द्र सिंह पटेलको अध्यक्षतामा सम्पन्न वैठकमा वाईसियलका मधेश प्रदेशका सहइन्चार्ज देवशरण कानु, केन्द्रीय सदस्य सन्तोष पटेल, सन्ध्या बस्नेत, सलाम अन्सारी लगायतको सहभागिता रहेको थियो। वैठकको सहजिकरण महमद सरिफ गद्दीले गरेका थिए।
केन्द्रले निर्धारण गरेको १ वडा सय वाईसियलको नारा लाई सार्थकता बनाउन अब सदस्यता वितरण तिव्र रुपमा अगाडी बढाउने निर्णय वैठकले गरेको वाईसिएलका अध्यक्ष पटेलले बताए।

# मानव सेवा आश्रमका ५० सहयोगापेक्षीलाई कम्बल प्रदान

मधेशदृष्टि
बीरगंज ४ माघ।
वीरगन्जमा रहेको मानव सेवा आश्रममा रहेका ५० जना सहयोगापेक्षी अर्थात सडकबाट उद्धार गरिएका महिला, पुरुष तथा बालबालिकालाई जिल्ला प्रशासन कार्यालय पर्साको जिल्ला विपद व्यवस्थापन समितिले ५० थान कम्बल उपलब्ध गराएको छ।
आश्रममा रहेका आश्रितहरुलाई जाडोमा चिसोबाट जोगाउनका लागि जिल्ला विपद व्यवस्थापन समितिले ५० थान कम्बल उपलब्ध गराएको हो।
पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले मानव सेवा आश्रम वीरगन्जकी संयोजक सानु गुरुङलाई बुधवार एक कार्यक्रमका विच कम्बल हस्तान्तरण गरेका हुन।
गुरुङले आश्रममा अहिले सडकबाट उद्धार



गरिएका ५० जना सहयोगापेक्षी रहेको बताए। उनिहरु कठ्याङ्ग्रिदो जाडोमा समस्यामा नपरुन् भनेर न्यानो कम्बल उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी ढकालले बताए।
हस्तान्तरण कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिमिल्सीना, सरोज चौधरी लगायतको उपस्थिति रहेको थियो।

# साहको स्मृति दिवसमा २५ जेष्ठ नागरिकलाई सम्मान

मधेशदृष्टि
बीरगंज ४ माघ।
पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नम्बर २ मा बुधवार स्वर्गिय शिवनन्दन साहको स्मृति दिवसमा २५ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ। स्थानिय समाजसेवी लक्ष्मीनारायण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एकिकृत समाजवादीका केन्द्रिय सदस्य चिरञ्जीवी आचार्य, पूर्व मधेश प्रदेश सभाका सदस्य राजेश्वर साह तेली, नेकपा एकिकृत समाजवादीका पर्सा जिल्ला अध्यक्ष बाल गोपाल थापा, तेली कल्याण समाजका केन्द्रिय अध्यक्ष विश्वनाथ साह, पर्सागढी नगरपालिकाका नगर प्रमुख गोकर्ण पाठक, मनोज



चौधरी, रेडियो वीरगंज एवं टिभी वीरगंजका अध्यक्ष तथा तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साह लगायतको सहभागिता रहेको थियो।
सो क्षेत्रका ज्येष्ठ नागरिकहरुलाई सम्मान सहित दोसल्ला ओढाएर फुलमाला लगाई सम्मानित गरिएको थियो। कार्यक्रमको सहजिकरण नेकपा एसका केन्द्रिय सदस्य रामचन्द्र साह तेलीले गरेका थिए।

# पर्साका १४ वटै पालिकामा बालबालिकालाई फाइजर खोप लगाईने

मधेशदृष्टि
वीरगञ्ज ४ माघ।
बीरगंज महानगरपालिका सहित पर्साका १४ वटै पालिकामा ५ बर्ष देखि ११ वर्ष उमेर समूहका बालबालिकालाई आगामी माघ ९ र १० गते कोरोना संक्रमण विरुद्धको फाइजर खोप लगाइने भएको छ।जिल्ला खोप समन्वय समिति पर्साले माघ ९ र १० गते फाइजर खोप लगाउने अभियान सञ्चालन गर्न बीरगंजमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ। स्वास्थ्य कार्यालय पर्साले खोप अभियान सञ्चालनका लागि सबै पालिकाहरुमा समन्वय गर्ने, खोप अभियान सञ्चालनका लागि जिल्ला स्थित शिक्षक महासंघ रेडक्रस, प्याब्सन, एनप्याब्सन, अभिभावकसँगसँग समन्वय गर्ने निर्णय गरेको छ।
पालिकाका विद्यालयहरुमा खोप केन्द्र राखी खोप अभियान सञ्चालन गर्ने निर्णय भएको जिल्ला स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए।
पर्सामा दोस्रो मात्रा खोप लिन बाँकी १८ हजार ५ सय बालबालिका रहेका छन। यसबीचमा ४ वर्ष पुरा गरेर पाँच बर्ष लागेका ४ हजार जति बालबालिका थपिएको अनुमान रहेको र यस पटक भने २२ हजार डोज फाइजर खोप बालबालिकालाई लगाईने लक्ष्य रहेको ठाकुरले बताए।
पर्सामा ५ वर्षदेखि ११ वर्ष उमेर समूहका ९९ हजार ८ सय २९ जना बालबालिका रहेका छन। जिल्ला खोप समन्वय समिति पर्साका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले कुनैपनि बालबालिका खोप लगाउनबाट वञ्चित हुन नपरोस भन्नेमा स्वास्थ्यकर्मी सचेत हुनुपर्ने बताए। जिल्ला स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवल किशोर साहले समयमै पालिकामा आवश्यक खोप पठाउन कार्यालय तयारी अवस्थामा रहेको बताउँदै स्वास्थ्य कर्मी परिचालनको योजना बनाउन पालिकाका स्वास्थ्य संयोजकहरुलाई आग्रह गरे।

# साहिव दरबार संस्थानद्धारा विद्यार्थीहरुलाई स्वेटर उपलब्ध

मधेशदृष्टि
वीरगञ्ज ४ माघ।
साहिब दरबार सेवा संस्थानले वीरगञ्जको २ वटा विद्यालयको आधारभूत कक्षामा अध्ययनरत विद्यार्थीका लागि स्वेटर उपलब्ध गराएको छ।
वीरगञ्जको वडा नम्बर ४ मा रहेको श्री सुन्दरमल रामकुमार कन्या मा.वि. र वडा नम्बर १६ मा रहेको इनर्वा मक्तममा अध्ययनरत कक्षा नर्सरीदेखि ३ सम्मका विद्यार्थीलाई न्यानो कपडा स्वेटर उपलब्ध गराईएको हो। कन्या मा.वि. मा १५० जना विद्यार्थीलाई स्वेटर वितरण गरिएको संस्थाका अध्यक्ष उमेशलाल सहनीले जानकारी दिएका छन। बुधवार एक कार्यक्रमका बीच विद्यालयका



विद्यार्थीलाई स्वेटर हस्तान्तरण गरिएको हो। यस्तै इनर्वा मक्तम विद्यालयमा पनि १५० जना विद्यार्थीका लागि स्वेटर प्रदान गरिएको संस्थाकी कोषाध्यक्ष जुनुमाया त्वायनाले जानकारी दिइन। कन्या मा.वि.कि शिक्षिका अन्नपूर्ण मानन्धरको विशेष पहलमा दुबै विद्यालयका विद्यार्थीलाई जाडोमा न्यानो कपडा उपलब्ध गराइएको सहनीले बताए। संस्थाले जाडोमा न्यानो बनाउने अभियान अन्तर्गत आधारभुत कक्षामा अध्ययनरत विद्यार्थीका लागि न्यानो कपडा वितरण गरेको हो। स्वेटर वितरण कार्यक्रममा विद्यालयका शिक्षक, अभिभावक समितिका पदाधीकारी, संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो।

# जसपा सरकारमा नजाने

मधेशदृष्टि
जनकपुरधाम, ४ माघ। जनता समाजवादी पार्टी नेपाल (जसपा) वर्तमान सरकारमा नजाने भएको छ।
बुधबार बसेको जसपा संसदीय दलको बैठकले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सात दलीय सरकारमा नजाने निर्णय गरेको हो। जसपाले सत्तारूढ दलहरूले आफूलाई सन्तुलित र न्यायोचित मन्त्रालय नदिएको भन्दै असन्तोष पोख्दै सरकारमा नजाने निर्णय गरेको हो।
संसदीय दलको बैठक हिजो पनि बसेको थियो। सरकारमा नगए पनि समर्थन भने कायमै रहेको जसपाले जनाएको छ। जसपाले सभामुखमा नेपाली कांग्रेसकी सांसद ईश्वरी न्यौपानेलाई समर्थन गरिसकेको छ।
बिहीबार हुने सभामुखको निर्वाचनमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीले नेपाली कांग्रेसलाई सघाउने भएको छ। जसपाले सभामुखको निर्वाचनमा नेपाली कांग्रेसलाई साथ दिने निर्णय गरेको हो। मंगलबार भएको मन्त्रिपरिषद् विस्तारलाई लिएर जसपाले तीव्र असन्तुष्टि जनाएको छ।
सत्ता साझेदार दलहरुसँग जसपाले उपराष्ट्रपति पद मागेको थियो।
तर उपराष्ट्रपति पद नमिल्ने भएपछि जसपाले मंगलबारको मन्त्रिपरिषद विस्तारमा सहभागी नभएको हो।
नेपाली कांग्रेसकले प्रतिनिधिसभाको सभामुख पदमा सांसद ईश्वरी न्यौपानेको उम्मेदवारी दर्ता गराएको छ।
न्यौपानेको प्रस्तावकमा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा छन् भने समर्थकमा नेकपा (एकीकृत समाजवादी) का प्रकाश ज्वाला छन्।
कांग्रेस उम्मेदवार न्यौपानेलाई एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले समर्थन गरेका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल